का.जि.प्र.का.द.नं. १००/०५९/६०
२८ भदौ २०८३
आइतबार
13 September 2026
Sunday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-


# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न
वर्ष २४, अंक २३४ । पृष्ठ ६ | Madhyanha National Daily | www.madhyanhadaily.com

# संवैधानिक आयोगप्रति सरकारकै अविश्वास



सरोकारवालाहरूको नजरमा सरकारले संविधानले स्थापित गरेका र क्षेत्राधिकार प्रष्ट भएर काम गरिरहेका संवैधानिक आयोग र संस्थालाई विश्वासमा लिएर काम गर्नुपर्छ। त्यस्ता संस्थाकै विकल्प खोज्ने हो भने कानुन बनाएर परिवर्तन गर्न सकिन्छ।



अख्तियार, अदालत, राष्ट्रिय सतर्कता केन्द्रलगायत संवैधानिक निकायलाई विश्वासमा लिएर काम गर्नुको सट्टा उनीहरूको कार्यक्षेत्रमाथि हस्तक्षेप गरेको देखिन्छ।

■ **सीताराम केसी**
**वरिष्ठ अधिवक्ता**



भ्रष्टाचारजन्य गतिविधि रोकथाम र सार्वजनिक प्रशासनलाई पारदर्शिता कायम राख्ने सवालमा सरकारसँगको समन्वय तथा सहजीकरणमै काम गर्दै आएका छौं।

■ **नारायणप्रसाद भट्ट**
**प्रवक्ता, राष्ट्रिय सतर्कता केन्द्र**



अख्तियारले आफ्नो अधिकार क्षेत्रभित्र रहेर सुशासन कायम गर्ने सन्दर्भमा कुनै मोलाहिजा गरेको छैन। अनियमितता गर्ने जो कोहीलाई छानबिनको दायरामा ल्याएकै छ।

■ **जयबहादुर चन्द**
**आयुक्त, अख्तियार दुरुपयोग अनुसन्धान आयोग**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २७ भदौ

सरकारले पूर्वविशिष्ट सार्वजनिक पदाधिकारीहरूको सम्पत्ति छानबिनका लागि छुट्टै आयोग गठन गऱ्यो । तर अख्तियार दुरुपयोग अनुसन्धान आयोग संवैधानिक रूपमा स्थापित छ। अख्तियारको क्षेत्राधिकारभित्रै पर्ने विषयमा छानबिन गर्ने गरी सरकारले अर्को आयोग बनायो । यो सरकारको संवैधानिक आयोगप्रतिको अविश्वासको एउटा उदाहरण हो ।

यद्यपि, सरकारले संवैधानिक आयोगको क्षेत्राधिकार मिचेर सम्पत्ति छानबिन आयोग बनाएको दाबीसहित उक्त आयोग खारेजीको माग गर्दै सर्वोच्च आदालतमा परेको रिट विचाराधीन छ।

भ्रष्टाचार नियन्त्रण र सार्वजनिक प्रशासनलाई जवाफदेही बनाउने दुई संवैधानिक निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय सतर्कता केन्द्रप्रति सरकार विश्वस्त छैन। न्याय निरूपणको सर्वोच्च निकाय सर्वोच्च अदालतप्रति समेत सरकार सकारात्मक देखिएको छैन ।


भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्ने मुख्य जिम्मेवारी लिएको अख्तियारलाई अविश्वास गर्दै प्रधानमन्त्री वालेन्द्र शाहले सम्पत्ति छानबिन आयोग गठन गरेसँगै संवैधानिक आयोगप्रति सरकारको दृष्टिकोण सकारात्मक नदेखिएको टिप्पणी छ । उक्त आयोग तत्कालीन राजा ज्ञानेन्द्रको सक्रिय शासनकालमा गठन भएको शाही आयोगको शैलीमा गठन भएको र त्यसले संवैधानिक निकायको रूपमा रहेको अख्तियारको क्षेत्राधिकार हनन गर्ने रिट निवेदक अधिवक्ता डा. प्रेमराज सिलवालले दाबी गरे ।

सिलवालले दायर गरेको उक्त मुद्दामा सर्वोच्च अदालतले सरकारसँग जवाफ माग गरेको >>> पृष्ठ २ मा

# जेनजीका मुद्दा फिर्ता लिन दबाब
## खोजिँदै कानुनी आधार




एकातिर गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदनअनुसार ध्वंसात्मक घटनाबारे छुट्टै अनुसन्धान भएको छैन। अर्कोतिर प्रहरीले थालेको अनुसन्धान सुस्त भएको छ र पक्राउ परेकालाई रिहा गर्न राजनीतिक दबाब बढ्दो छ। यस्तोमा सरकार न्यायिक निरूपण गर्ने कानुनी आधार खोज्दै छ।




### अनुत्तरित तीन प्रश्न

**पहिलो**


जेनजी आन्दोलनमा सहभागी भएकै आधारमा पक्राउ परेकालाई कसरी छुट्याउने र उनीहरूलाई कहिले र कुन कानुनी आधारमा रिहा गर्ने ?

**दोस्रो**

आगजनी, तोडफोड, लुटपाट, हतियार लुटपाट र हत्याजस्ता कसुरमा संलग्नलाई राजनीतिक आन्दोलनको नाममा उन्मुक्ति दिने कि नियमित फौजदारी कानुनअनुसार अभियोजन गर्ने ?

**तेस्रो**

२३ र २४ भदौका सम्पूर्ण घटनालाई संक्रमणकालीन न्यायको विशेष प्रक्रियाबाट सम्बोधन गर्ने हो भने त्यसका लागि आवश्यक कानुनी संरचना के हुने ?



जेनजी विद्रोहका केही व्यक्तिहरू जेलमा छन्। केही संसद्मा छौं, कोही सरकारमा। यो देशमा न्याय दुई खालको किन ? भन्ने आवाज उठिराखेको छ।

■ **यज्ञमणि न्यौपाने**
**अधिवक्ता तथा सांसद**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २७ भदौ

गत बुधबार प्रतिनिधिसभाको बैठकमा बोल्दै अधिवक्तासमेत रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद यज्ञमणि न्यौपानेले जेनजी आन्दोलनमा सरिक भएकामध्ये कतिपय युवा जेलमा रहेको विषय उठाए ।

'जेनजी विद्रोहका केही व्यक्तिहरू आज पनि थुनामा छन्। जेलमा छन्। आज पनि तारिख लिइरहेका छन् । अदालतको कठघरामा उभिरहेका छन्,' उनले भने, 'त्यही जेनजी विद्रोहको बलमा कोही हामी संसद्मा छौं । कोही सरकारमा छौं। यो देशमा न्याय दुई खालको किन ? भन्ने आवाज उठिराखेको छ ।'

यस्तो अवस्थालाई अन्त्य गर्न सरकारले जेनजी विद्रोहलाई जनआन्दोलनको रुपमा घोषणा गर्नुपर्ने उनको आग्रह छ । 'जेनजी विद्रोहीहरूलाई थुनामक्त गराउने अवस्था सिर्जना गरोस्,' उनले सरकारलाई भने । सरकारले जेनजी आन्दोलनलाई जनआन्दोलनको रूपमा ग्रहण गरेर यसलाई संस्थागत गर्नुपर्नेमा उनको जोड छ ।

यसो भयो भने जेनजी आन्दोलनमा सहभागी भएकै कारण पक्राउ परेकाहरू जेलमुक्त गर्ने वातावरण खुला हुने उनको विश्वास छ । तर सार्वजनिक तथा निजी सम्पत्तिमा आगजनी, तोडफोड, लुटपाट र हतियार लुटपाटमा संलग्नमाथिको अनुसन्धान तथा अभियोजनलाई के गर्ने भन्ने प्रश्नमा भने उनी मौन रहे।

आन्दोलनमा सहभागी भएकै आधारमा पक्राउ परेका युवालाई अपराधीको व्यवहार गर्न नहुने भन्दै प्रतिनिधिसभामा अन्य सांसदहरूले पनि तत्काल रिहाइको माग राख्दै आएका छन् ।

प्रतिनिधिसभा सदस्य सोम शर्माले जेनजी आन्दोलनका क्रममा पक्राउ परेकाहरूलाई तुरुन्त रिहा गर्न माग गरे । २४ भदौका तोडफोड र आगजनीका घटनामा संलग्नलाई आन्दोलनकारीको रूपमा उन्मुक्ति दिन सकिने कि नसकिने भन्ने प्रश्नमा भने उनी पनि मौन रहे ।

जेनजी आन्दोलनमा भएका घटनाबारे छानबिन गर्न सरकारले गौरीबहादुर कार्कीको नेतृत्वमा आयोग गठन गरेको थियो । उक्त आयोगको प्रतिवेदनअनुसार आन्दोलनका क्रममा सुरक्षाकर्मीबाट >>> पृष्ठ २ मा

# बाढीबाट विस्थापितलाई एकीकृत बस्तीमा सारिने

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार एकीकृत बस्ती निर्माण गर्नु अगाडिसम्म रसुवा बाढीबाट विस्थापित भएका परिवारहरूलाई अस्थायी बसोबासको व्यवस्था गरिनेछ ।

प्रभावित परिवारलाई राहत दिएरमात्र पुग्दैन। सुरक्षित बसोबासको दीर्घकालीन विकल्प खोजिँदैछ।



■ **प्रतिभा रावल**
**भूमि व्यवस्थामन्त्री**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २७ भदौ

रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट विस्थापित परिवारलाई एकीकृत बस्ती निर्माण गरी स्थानान्तरण गरिने भएको छ ।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री प्रतिभा रावलका अनुसार एकीकृत बस्ती निर्माण गर्नु अगाडिसम्म अस्थायी बसोबासको व्यवस्था गरिनेछ। मन्त्री रावलका अनुसार बाढीबाट प्रत्यक्ष प्रभावित परिवारलाई राहत दिएरमात्र नपुग्ने निष्कर्षसहित सरकारले सुरक्षित बसोबासको दीर्घकालीन विकल्प खोज्न लागेको हो ।

आफूलाई भेट्न आउनेहरूसँग मन्त्री रावलले भनेकी छन्, 'प्रभावित परिवारलाई राहत दिएरमात्र पुग्दैन। सुरक्षित बसोबासको दीर्घकालीन विकल्प खोजिँदैछ ।'

यही भदौ १० गते बुधबार बिहान रसुवाको भोटेकोशीमा भीषण बाढी आएको थियो । उक्त बाढीले रसुवा, >>> पृष्ठ २ मा




# एसिया कपमा नेपाल

नेपाल सन् २०२७ मा आयोजना हुने एसिया कपमा छनोट भएको छ। एसिसी प्रिमियर कप एकदिवसीय प्रतियोगिताको उपाधि जित्दै नेपाल एसिया कपमा छनोट भएको हो। शनिबार मलेसियामा सम्पन्न फाइनल खेलमा युएईलाई ४४ रनले हराउँदै नेपाल दोस्रो पटक एसिया कपमा छनोट भएको हो। एकदिवसीय एसिया कप सन् २०२७ मा बंगलादेशमा आयोजना हुँदै छ। नेपालले यसअघि सन् २०२३ मा युएईलाई नै हराएर एसिया कपमा स्थान बनाएको थियो।




विस्तृत पृष्ठ ५ मा...

वैदेशिक रोजगार विशेष

# सिन्डिकेटले मलेसियाको रोजगारी नै जोखिममा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ भदौ

मलेसियाको फरेन वर्कर सेन्ट्रल म्यानेजमेन्ट सिस्टम (एफडब्लुसिएमएस)मा नेपाली म्यानपावर कम्पनी छनोटको विवादले मलेसियाको रोजगारीमाथिको अन्योलता गहिरिएको छ ।

मलेसियामा विदेशी कामदारको भर्नाको समग्र प्रक्रियालाई स्वचालित रूपमा व्यवस्थापन र नियन्त्रण गर्न एफडब्लुसिएमएस प्रणाली प्रयोगमा ल्याइएको छ। त्यसमा नेपालका २७५ म्यानपावर कम्पनीको नाम समावेश भएपछि नेपाल सरकार त्यसको विरोधमा उभिएको छ ।

सरकारसँगै नेपाल वैदेशिक रोजगार व्यवसायी संघले एफडब्लुसिएमएस प्रणालीमा सीमित म्यानपावर कम्पनीको प्रवेशलाई सिन्डिकेटको संज्ञा दिएर त्यसमा संलग्न वैदेशिक रोजगार व्यवसायीलाई कारबाही गर्न युवा, श्रम तथा रोजगार मन्त्रालयलाई दबाब दिइरहेको छ ।

मलेसियाले एफडब्लुसिएमएस आफ्नो मुलुकको विदेशी कामदार व्यवस्थापनको आधिकारिक प्रणाली भएको र नेपालका २५ वटा प्रमुख तथा ती एजेन्सी मातहत बढीमा १० वटासम्म एजेन्सी तोक्ने विषय नेपालको आन्तरिक नीति, घरेलु कानुन र नियामक आवश्यकताहरूको अधीनमा रही नेपालकै तजबिज, निर्णय र अधिकारको विषय हुने व्यहोराको पत्र नेपाली दूतावास, मलेसियामार्फत नेपाल सरकारलाई पठाएको पत्र सार्वजनिक भएको छ ।

तर नेपाल सरकार र स्वयं सम्बन्धित म्यानपावर कम्पनीका सञ्चालकको जानकारीबिना मलेसियाको एफडब्लुसिएमएस प्रणालीअन्तर्गत राखिएका म्यानपावर कम्पनीका बारेमा के गर्ने भन्ने कुनै निर्णय लिन सकेको छैन ।

मलेसियाको एफडब्लुसिएमएसमा प्रवेश गरेका कसैले पनि नाम फिर्ता लिएका छैनन्। नाम समावेश भएका म्यानपावर कम्पनीको मागपत्र प्रमाणीकरण र पूर्वस्वीकृति रोकेर श्रम मन्त्रालय, वैदेशिक रोजगार विभाग र मलेसियास्थित नेपाली दूतावासले नाम फिर्ताका लागि दबाब दिइरहेका छन् ।

संघले एफडब्लुसिएमएसमा रहेका म्यानपावर कम्पनीहरूले तत्कालै नाम फिर्ता लिनुपर्ने अडान राखेको छ ।

तर जानकारहरू परस्पर दबाबको रणनीतिले नेपाली कामदारको आकर्षक गन्तव्य मलेसियाको रोजगारी धरापमा पर्न सक्ने खतरा बढेको बताउँछन् ।

मध्यान्ह
www.madhyanhadaily.com



# कृष्णभीरमा नयाँ ट्रयाक निर्माण तीव्र

## केही दिनमै दुईतर्फी यातायात सञ्चालन गर्ने लक्ष्य

**काठमाडौं/मस**–पृथ्वी राजमार्गअन्तर्गत कृष्णभीरमा त्रिशूली नदीको बाढीका कारण अवरुद्ध सडक खुलाउन नयाँ ट्रयाक निर्माणको काम तीव्र पारिएको छ । सडक सञ्चालनमा ल्याउने उद्देश्यले निर्माण व्यवसायी, सडक विभागका प्राविधिक तथा सुरक्षाकर्मीसहितको टोलीले रातदिन निर्माण कार्यलाई निरन्तरता दिएको छ ।



भदौ १४ गते कृष्णभीरमा गएको पहिरोका कारण पृथ्वी राजमार्ग अवरुद्ध भएपछि सडक सञ्चालनका लागि माथिल्लो भागबाट नयाँ ट्रयाक खोल्ने काम अघि बढाइएको हो । सडक अवरुद्ध हुँदा काठमाडौंतर्फको यातायात तथा अत्यावश्यक सामग्रीको आपूर्तिमा समेत असर परेपछि निर्माण कार्यलाई तीव्रता दिइएको निर्माण पक्षले जनाएको छ। निर्माण व्यवसायी महासंघका उपाध्यक्ष तथा शगुन कन्स्ट्रक्सनका सञ्चालक शहदेव खड्काका अनुसार नयाँ ट्रयाक खोल्ने काम सुरु भएको १० दिन पुगेको छ। अहिले ब्याक कटिङ र ग्रेड कटिङको काम अन्तिम चरणमा पुगेको उनले जानकारी दिए । खड्काका अनुसार ग्रेड कटिङको काम पूरा भएपछि सबग्रेड र सब-बेस निर्माण गरी ग्राभेलिङ गर्ने तयारी भइरहेको छ । नयाँ ट्रयाकको ग्रेड कटिङ अन्तिम चरणमा पुगेकाले अब सबग्रेड र सब-बेसको काम पूरा गरेपछि यातायात सञ्चालन गर्न सकिने उनले बताए ।

निर्माण पक्षले अबको केही दिनभित्र नयाँ ट्रयाकबाट दुईतर्फी यातायात सञ्चालन गर्ने लक्ष्य राखेको छ । नयाँ सडकबाट ग्यास बुलेट, लरी, ठूला ट्रक तथा अन्य हेभी सवारीसाधनसमेत सहज रूपमा सञ्चालन गर्न मिल्ने गरी निर्माण भइरहेको खड्काले बताए । 'काठमाडौंको लाइफलाइन' का रूपमा रहेको पृथ्वी राजमार्गमा यातायात सहज बनाउन निर्माण कार्यलाई रातको समयमा समेत निरन्तरता दिइएको छ । सडक सञ्चालनमा ल्याउन निर्माण कम्पनीसँगै सडक विभाग, कन्सल्टेन्ट, प्राविधिक, अपरेटर तथा सुरक्षाकर्मीको टोली रातदिन निर्माणस्थलमा खटिएको खड्काले जानकारी दिए ।

कृष्णभीरमा सडक खुलाउन शगुन कन्स्ट्रक्सनको टोलीले निर्माण कार्य गरिरहेको छ। सडक अवरुद्ध भएपछि वैकल्पिक ट्रयाक निर्माणमार्फत यातायात सञ्चालनमा ल्याउने तयारी गरिएको हो ।

निर्माणाधीन नयाँ ट्रयाकमा अहिले ब्याक कटिङ र ग्रेड कटिङको कामलाई प्राथमिकता दिइएको छ । ग्रेड कटिङ पूरा भएपछि सबग्रेड, सब-बेस तथा ग्राभेलिङको काम अघि बढाइनेछ । त्यसपछि नयाँ ट्रयाकबाट दुईतर्फी यातायात सञ्चालन गर्ने तयारी निर्माण पक्षको छ ।

कृष्णभीरमा सडक अवरुद्ध हुँदा काठमाडौंतर्फ जाने तथा काठमाडौंबाट विभिन्न क्षेत्रमा जाने सवारीसाधनको आवागमन प्रभावित भएको छ । विशेषगरी अत्यावश्यक सामग्रीको आपूर्तिमा परेको असरलाई कम गर्न सडक सञ्चालनमा ल्याउने कामलाई प्राथमिकतामा राखिएको निर्माण पक्षले जनाएको छ ।

निर्माण पक्षका अनुसार नयाँ ट्रयाक हेभी सवारीसाधनसमेत सञ्चालन गर्न मिल्ने गरी निर्माण भइरहेको छ । ग्यास बुलेट, लरी तथा ठुला ट्रकसमेत सञ्चालन गर्न सकिने गरी सडक निर्माणको काम अघि बढाइएको हो ।

# खेम सेञ्चुरीको धमाकासहित

## माइती-चेली तिज सांगीतिक दर कार्यक्रम सम्पन्न

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २७ भदौ



नेपाली मौलिक परम्परा, संस्कार र संस्कृतिको संरक्षणसँगै प्रवासमा माइती-चेलीको आत्मीय सम्बन्धलाई थप प्रगाढ बनाउने उद्देश्यले आयोजित 'माइती र चेली तिज सांगीतिक दर कार्यक्रम-२०२६' शुक्रबार कतारको रेडिसन ब्लु होटेलमा भव्य रूपमा सम्पन्न भएको छ ।

आयुषा मेकअप, अल दाना सैलुन कतार तथा आयुषा सैलुन एन्ड एकेडेमी प्रा.ली. काठमाडौंको चौथो प्रस्तुतिका रूपमा आयोजित कार्यक्रममा कतारमा रहेका नेपाली महिला तथा समुदायको उल्लेख्य सहभागिता रहेको थियो। तिज नेपाली महिलाको महत्त्वपूर्ण सांस्कृतिक पर्व मात्र नभई माइती-चेलीबिच सुख-दुःख साटासाट गर्ने, आत्मीयता नवीकरण गर्ने र पुस्तौंदेखि चलिआएको मौलिक संस्कारलाई निरन्तरता दिने अवसरका रूपमा समेत लिइन्छ । प्रवासमा रहेर आयोजना गरिएको यस कार्यक्रमले नेपाली कला, संस्कृति, भेष भूषा, गीत-संगीत र पारिवारिक आत्मीयताको भावलाई एकै ठाउँमा जोडेको थियो ।

कार्यक्रमको मुख्य आकर्षण चर्चित लोक तथा दोहोरी गायक एवं सर्जक खेम सेन्चुरी बने। करिब साढे ८ बजे स्टेजमा उक्लिएका सेन्चुरीले डेढ घण्टा लगातार सांगीतिक प्रस्तुति दिँदै दर्शकलाई मनोरञ्जन गराएका थिए । उनले 'पानको पात', 'सोचेझैँ जिन्दगी रैनच', 'कमाउने नि हो रमाउने नि हो' लगायत एक दर्जनभन्दा बढी चर्चित गीत प्रस्तुत गरेका थिए । पछिल्लो समय लोकप्रिय बनेको ' बाहुन बाजे'समेत प्रस्तुत गरेपछि कार्यक्रम स्थलमा उपस्थित दर्शक उत्साहित बनेका थिए ।

कतारमा दोस्रो पटक आउन पाउँदा आफू निकै खुसी भएको बताउँदै सेन्चुरीले आफ्नो प्रस्तुतिका क्रममा नेपाली संस्कृति र तिजको महत्त्वसँगै नेपालमा हालै आएको बाढी पहिरोबाट ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली व्यक्त गरे । उनले विपद्का बेला उद्धार तथा राहतमा खटिएका सुरक्षाकर्मी, स्वयंसेवक र विभिन्न माध्यमबाट सहयोग गर्ने सबैप्रति दर्शकका तर्फबाट र आफ्ना तर्फबाट ताली बजाएर सम्मान व्यक्त गरे । जीवन निरन्तर चलायमान रहने भएकाले विपद्का कारण प्रभावित भए पनि निराश नभई अघि बढ्नुपर्ने सन्देश दिँदै उनले आफ्नो स्थानबाट उद्धार तथा राहतमा योगदान गर्ने सबैप्रति उच्च सम्मान व्यक्त गरे ।

कार्यक्रममा वीरेन्द्र कुमार श्रेष्ठ, जमुना श्रेष्ठ मनिका गुरुङ, बिन्जु श्रेष्ठ, आस्था श्रेष्ठ, गंगा श्रेष्ठ, लक्ष्मी आले मगर, नम्रता मोक्तान, उपासना तामाङ, प्रीति श्रेष्ठ, पार्वती राजवंशी सहितका कलाकारहरूले विभिन्न सांगीतिक प्रस्तुति दिएका थिए । कार्यक्रममा काठमाडौंमा भर्खरै सञ्चालनमा आएको प्रशिक्षण केन्द्रको वेबसाइट सार्वजनिक गर्नुका साथै आयुषाको जीवन सङ्घर्ष र यात्रालाई समेटिएको वृत्तचित्र प्रस्तुत गरिएको थियो । जीवनमा आइपरेका चुनौती पार गर्दै अघि बढेकी आयुषाको संघर्षलाई बृतचित्रमार्फत प्रस्तुत गरिनुले कार्यक्रमलाई मनोरञ्जनसँगै प्रेरणादायी आयामसमेत दिएको थियो। कार्यक्रमको स्वागत मन्तव्य कार्यक्रमकी सहसंयोजक आयुषा खड्काले राखेकी थिइन्। कार्यक्रमको सहजीकरण विजय राज अधिकारी, शारदा भुजेल र अनु सुवेदी बस्नेतले मिलेर गरेका थिए । कार्यक्रमको प्रमुख आतिथ्यतामा ६० वर्षीय आमा इन्द्र कुमारी श्रेष्ठ रहेकी थिइन् । कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि श्रेष्ठले तिजका अवसरमा सांगीतिक प्रस्तुति दिने सम्पूर्ण कलाकारप्रति कृतज्ञता व्यक्त गर्दै भव्य कार्यक्रम आयोजना गरेकोमा आयुषालाई धन्यवाद दिइन् ।

कार्यक्रमको समापन गर्दै सभाध्यक्ष आयुषा श्रेष्ठ खड्काले प्रवासमा रहेर पनि नेपाली मौलिक संस्कृति, परम्परा र संस्कारलाई जीवन्त राख्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताइन्। माइती र चेलीबिचको आत्मीय सम्बन्धलाई अझ नजिक ल्याउने तथा नेपाली पर्व र संस्कृतिप्रतिको पुस्तौंदेखिको आस्थालाई निरन्तरता दिने प्रयास स्वरूप कार्यक्रम आयोजना गरिएको उनको भनाइ थियो । कार्यक्रममा भोटेकोसीका बाढी पहिरो पीडितका लागी केही रकम संकलन भएको र छिट्टै प्रधानमन्त्री राहात कोषमा पठाइने समेत जानकारी दिइन् ।

कार्यक्रमले प्रवासमा रहेका नेपालीलाई आफ्नो मौलिक संस्कृति र परम्परासँग पुनः जोड्नुका साथै तिजको सांस्कृतिक महत्त्वलाई जीवन्त बनाउने काम गरेको आयोजकको भनाइ छ। कार्यक्रममा विभिन्न माध्यमबाट सहयोग गर्ने सहयोगी, कलाकार, अतिथि, सञ्चारकर्मी, शुभेच्छुक तथा उपस्थित सम्पूर्ण दर्शकप्रति आयोजकले आभार व्यक्त गरेको छ। आयोजकले यस पटकका अनुभव र देखिएका कमी-कमजोरीलाई आगामी दिनमा सुधार गर्दै अर्को वर्ष अझ व्यवस्थित र प्रभावकारी कार्यक्रमसहित पुनः भेट्ने प्रतिबद्धता जनाएको छ ।

# सी जिनपिङ र नरेन्द्र मोदीबीच नयाँदिल्लीमा भेटवार्ता

**काठमाडौं/मस**– चिनियाँ राष्ट्रपति सी जिनपिङ र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच नयाँदिल्लीमा भेटवार्ता भएको छ।



ब्रिक्स सम्मेलनमा सहभागी हुन भारत पुगेका चिनियाँ राष्ट्रपति सी र प्रधानमन्त्री मोदीबीच शनिबार साँझ भेटवार्ता भएको हो । भेटमा भारत चीन द्विपक्षीय सम्बन्ध, सीमा विवाद तथा आगामी सहकार्यका विषयमा छलफल भएको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन् ।

भेटमा अगस्ट २०२५ मा चीनको तियानजिनमा भएको पछिल्लो भेटपछि दुई देशबीचको सम्बन्धमा भइरहेको प्रगतिबारे समीक्षा भएको जनाइएको छ ।

भारतीय विदेश मन्त्रालयका अनुसार दुवै नेताले भारत-चीन सम्बन्धलाई रणनीतिक र दीर्घकालीन दृष्टिकोणबाट अघि बढाउनुपर्नेमा जोड दिएका छन् । साथै दुई देशबीचका मतभेदलाई विवादमा परिणत हुन नदिनुपर्नेमा पनि उनीहरू सहमत भएका छन् ।

भेटवार्तामा सीमा विवादको दीर्घकालीन समाधान खोज्ने विषयमा पनि छलफल भएको छ । दुवै नेताले दुई देश तथा जनताको दीर्घकालीन हितलाई ध्यानमा राख्दै सीमा विवादको न्यायोचित, तर्कसंगत र दुवै पक्षलाई स्वीकार्य समाधान खोज्ने प्रतिबद्धता व्यक्त गरेका छन् । चिनियाँ राष्ट्रपति सीले पनि भारतसँगको सम्बन्धलाई चीनले रणनीतिक र दीर्घकालीन दृष्टिकोणबाट हेर्ने बताएका छन् ।

उनले दुई देशले आफ्ना सम्बन्धलाई दीर्घकालीन हितका आधारमा अघि बढाउनुपर्नेमा जोड दिएका छन् । भारत र चीनबीच सहकार्यका लागि दुवै देशले एकअर्काका सबल पक्षबाट सिक्नुपर्ने र आफ्ना क्षमताको सदुपयोग गर्नुपर्ने सीको भनाइ थियो । भेटमा ब्रिक्स सहकार्यको विषय पनि उठेको थियो । सीले ब्रिक्स सदस्य राष्ट्रबीचको सहकार्यलाई थप बलियो बनाउन चीन र भारतले मिलेर काम गर्नुपर्नेमा जोड दिए ।

### संवैधानिक...

थियो । जवाफमा प्रधानमन्त्री शाहले भ्रष्टाचार र सम्पत्ति लुकाउने प्रवृत्ति अन्त्यगर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मात्रै सम्भव नरहेको बताएका थिए । गत जेठ २८ गते प्रधानमन्त्रीले सर्वोच्च अदालतमा पठाएको लिखित जवाफमा भनेका छन्, 'उक्त आयोग (अख्तियार) ले देशभरका लामो समयसम्म सत्तामा रहेका सबैजसो राजनीतिक पदाधिकारी र उच्चपदस्थ कर्मचारीहरूको सम्पत्ति संकलन, छानबिन तथा अनुसन्धान गर्न सम्भव देखिएको छैन ।' अख्तियारबाटै राजनीतिक पदाधिकारी र उच्चपदस्थ कर्मचारीहरूको भ्रष्टाचार संरक्षण हुँदै आएको उनको दाबीले सरकारको कमजोरीलाई थप उदांगो बनाएको कानुनविदहरूको तर्क छ ।

अख्तियारले राजनीतिक पदाधिकारी र उच्चपदस्थ कर्मचारीहरूको सम्पत्तिमाथि अनुसन्धान गर्न नसकेको भन्ने प्रधानमन्त्रीको जवाफले संबैधानिक निकायप्रति सरकारको विश्वसनियता नरहेको प्रष्ट भएको वरिष्ठ अधिवक्ता सीताराम केसीले बताए। सरकारप्रतिको आम अपेक्षालाई पूरा गर्दै सुशासनको अनुभुति गराउन संविधान र कानुनी मान्यताप्राप्त अख्तियार, अदालत, राष्ट्रिय सर्तकता केन्द्रलगायत संबैधानिक निकायलाई विश्वासमा लिएर थप शक्तिशाली बनाउनुपर्ने उनले भनाई छ । अख्तियारलाई बलियो र विश्वासयोग्य बनाएर भ्रष्टाचार अन्त्यका दुईतिहाई बहुमतप्राप्त वर्तमान सरकारले काम गर्नुपर्ने उनले बताए ।

'सरकारले गठन गरेको संबैधानिक आयोगप्रति सरकारबाटै अविश्वास व्यक्त हुनुले मुलुकको सुशासन कति कमजोर रहेछ भन्ने प्रष्ट पार्छ,' केसीले मध्यान्हसँग भने, 'करिव दुईतिहाई बहुमतप्राप्त यो सरकारले नागरिक तहमा सुशासनको अनुभूति गराउन संविधान र कानुनी मान्यताप्राप्त अख्तियार, अदालत, राष्ट्रिय सर्तकता केन्द्रलगायत संबैधानिक निकायलाई विश्वासमा लिन सकेको देखिदैन् ।'

प्रतिनिधिसभामा १८२ सीट रहेका राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाका वरिष्ठ नेता बालेन नेतृत्वको सरकारको कार्यशैलीप्रति सोही दलका सांससदहरू समेत सन्तुष्ट छैनन् । यद्यपि रास्वपाका कतिपय सांसदहरूले समेत अख्तियार, आदलत, सम्पत्ति शुद्धीकरण आयोगल सर्तकता केन्द्र लगायतका संबैधानिक निकायप्रति कडा टिप्पणी गर्दै आएका छन् । सरकार मातहत रहेका ती संबैधानिक आयोगहरूनै भ्रष्टाचाचरको अखडा भएकाले ती निकायका पदाधिकारी परिवर्तन गर्नुपर्ने रास्वपाका सांसद खगेन्द्र सुनारले माग गरे ।

अख्तियारले भने पछिल्लो पाँच वर्षमा राज्यका विशिष्ट व्यक्तिहरूमाथि थुप्रै मुद्दा चलाएको छ । यो अवधिमा आयोगले पूर्वप्रधानमन्त्रीदेखि पूर्वसभामुख, पूर्वमन्त्री, सांसद तथा स्थानीय तहका प्रमुख र उपप्रमुखविरुद्ध भ्रष्टाचार मुद्दा चलाएको अख्तियार दुरूपयोग अनुसन्धान आयोगका आयुक्त जयबहादुर चन्दले बताए । उनले भने, 'अख्तियारले भ्रष्टाचार न्युनिकरणका लागि भ्रष्टाचारका काण्डमा मुछिएका जो कोहीलाई छानविनको दायरामा ल्याएर मुद्दा चलाइएको छ । हामीले आफ्नो अधिकार क्षेत्रभिर रहेर सुशासन कायम गर्ने सन्दर्भमा कुनै मोलाहिजा गरेका छैनौं ।' आर्थिक वर्ष २०७७-७८ देखि आर्थिक वर्ष २०८२-८३ सम्म १११ जना भिआइपी जनप्रतिनिधिविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको आयोगको पछिल्लो तथ्यांकमा उल्लेख छ । यस अवधिमा पूर्वप्रधानमन्त्री एकजना, पूर्वसभामुख एकजना, पूर्वमन्त्री (संघ) आठजना, पूर्वमन्त्री (प्रदेश) दुईजना, सांसद (प्रदेश) दुईजना, स्थानीय तह प्रमुख ६० जना र स्थानीय तह उपप्रमुख ३७ जनाविरुद्ध भ्रष्टाचार मुद्दा लागेको हो ।

त्यस्तै सार्वजनीक सेवामा सदाचार, नैतिकता र जवाफदेहीता प्रवर्द्धन गर्न स्थापित प्रधानमन्त्री कार्यालय मातहत रहेको राष्ट्रिय सतर्कता केन्द्रप्रति समेत सरकारले विश्वसनीय वातावरण बनाएको छैन् । सर्तकता केन्द्रसँग लिनुपर्ने नियमित रिपोर्टिङलाई समेत प्रधानमन्त्री शाहले बेवास्त गर्दै आएका छन्। तर, सतर्कता केन्द्रले आफ्ना जिम्मेवारी अनुसार नियमित काम गरिरहेको दाबी गरेको छ। सरकारले सतर्कता केन्द्रलाई सचिव समेत पठाएको छैन्। भ्रष्टाचार निवारण ऐन २०५९ अनुसार गठन भएको संबैधानिक निकाय राष्ट्रिय सर्तकता केन्द्रमा वार्षिक २ हजार ५ सय भन्दा बढी उजुरी पर्ने गरेका छन् ।

जसमा संघीय सरकारसँग सम्बन्धित उजूरी प्रदेश र स्थानीय सरकारसँग बराबारी जस्तै छ । यस वर्ष सर्तकता केन्द्रमा दर्ता भएका कुल २ हजार ५६६ उजुरी मध्य संघीय सरकार सम्बन्धि १ हजार २३९ र प्रदेश तथा स्थानीय सरकार सम्बन्धि १ हजार ३२७ उजुरी परेको राष्ट्रिय सर्तकता केन्द्रका सुचना अधिकारी सरिता कुमारी खतिवडाले जानकारी दिईन् । सुशासन र सदाचार अभिबृद्धिमा काम गर्दै आएको सतर्कताले छड्के चेक, निगरानी, अनुगमन निरीक्षण, अन्वेषणलगायतका कार्यलाई प्रभावकारी बनाएको केन्द्रका प्रवक्ता नारायणप्रसाद भट्टले बताए। उनले भने, 'सर्तकता केन्द्रले भ्रष्टाचारजन्य गतिविधि रोकथाम र सार्वजनीक प्रशासनलाई पारदर्शीता कायम राख्ने सवालमा निरन्तर काम गरिरहेको छ । सरकारसँगको समन्वय तथा सहजीकरणमै काम गर्दैछौं ।'

उता सरकारले गठन गरेको सम्पत्ति छानविन आयोगले २५ हजारभन्दा बढी बहालवाला तथा अवकाशप्राप्त कर्मचारी एवं राजनीतिक पदाधिकारीले सम्पत्ति विवरण पेस गर्ने अनुमान गरेको थियो। सरकारले गत बैशाख २ गते भण्डारीको नेतृत्वमा गठन गरेको आयोगमा पूर्वन्यायाधीश चण्डीराज ढकाल, पुरुषोत्तम पराजुली, पूर्वप्रहरी नायब महानिरीक्षक गणेश केसी र चार्टर्ड एकाउन्टेन्ट प्रकाश लम्साल सदस्य छन् । आयोगलाई २०६२/६३ यता सार्वजनिक पद धारण गरेका प्रमुख राजनीतिक पदाधिकारी तथा उच्च पदस्थ कर्मचारीको सम्पत्ति विवरण संकलन, प्रमाणीकरण र छानबिन गर्ने जिम्मेवारी दिइएको छ । ३१ वैशाखमा सूचना जारी गर्दै जेठ मसान्तसम्म सम्पत्ति विवरण बुझाइसक्न भनेको थियो । अपेक्षा गरिएको संख्याको आधाभन्दा कमले विवरण बुझाएपछि असार मसान्तसम्म विवरण बुझाउने गरी म्याद थपिएको छ। आयोगको कार्यालयमा उपस्थित भएर, हुलाक र अनलाइनमार्फत विवरण बुझाउन सक्ने व्यवस्था गरेको छ ।

पूर्वपदाधिकारी तथा उच्चतहको कर्मचारीको सम्पत्ति जाँच गर्नकालागि गठन गरेको सम्पत्ति छानबिन आयोगले पूर्व राजनीतिक तथा प्रशासनिक नेतृत्वको सम्पत्ति विबरण संकलन एवं छानविनको काम गरिरहेको छ । सर्वोच्च अदालतका पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारी नेतृत्वको सम्पत्ति छानबिन आयोगमा १० हजार भन्दा बढीले सम्पत्ति विवरण बुझाएको आयोगले जनाएको छ। त्यस्तै करिब ३ हजार जनाले भने विभिन्न व्यक्तिको सम्पत्ति छानबिन हुनुपर्ने भन्दै उजुरी दर्ता गराएका छन् । अख्तियारबाट लामो समयदेखि राजनीतिक पदाधिकारी र उच्चपदस्थ कर्मचारीहरूको सम्पत्ति अनुसन्धान गर्न नसकेकै कारण त्यसको परिपूर्ति गर्न छानबिन आयोग गठन गर्नुपरेको प्रधानमन्त्री शाहको जिकिर छ । आदलतलाई प्रधानमन्त्रीले पठाएको जवाफबाट संबैधानिक निकायप्रति सरकारको दृष्टिकोण सकारात्मक नदेखिएको संबैधानिक कानुनका जानकारहरू बताउँछन् ।

सरकारले भ्रष्टाचार निर्मूल गर्ने मनोगत चाहना पूर्ति गर्न संविधान र कानून विपरीत सम्पत्ति छानबिन आयोग गठन गरेको आरोप लगाउँदै त्यसले अख्तियारको संवैधानिक भूमिकालाई ओभरल्यापिङ (दोहोरोपन) सिर्जना गरेको आरोप प्रधानमन्त्री माथि छ। कानुनले नचिन्ने आयोग गठन गर्ने सरकारको निर्णय खारेज हुनुपर्ने रिटमा भनिएको छ। सरकारले अख्तियार, अदालत, सर्तकर्ता केन्द्रलगायत संबैधानिक आयोगप्रति अविश्वास व्यक्त गर्नुको मुल कारण पुराना राजनीतिक दल निकट पदाधिकारीहरूको दबाब रहेको सुशास विज्ञहरू बताउँछन् ।

### जेनजीका...

एक हजार तीन सय हतियार लुटिएका थिए । क्षति पुगेका सरकारी र निजी दुवै भवनको संख्या दुई हजार ६७१, क्षतिग्रस्त सवारीसाधन सरकारी र निजी दुवै गरेर १२ हजार ६५९ छन्।

यीलगायत आगजनी, लुटपाट, हतियार लुट्ने र हत्यामा संलग्न भएको आरोपमा प्रहरीले कतिपय व्यक्तिलाई पक्राउ गरेको छ। पक्राउ परेकामध्ये केही तारिखमा छुटेका छन् भने केही थुनामा रहेका छन् ।

२४ भदौका घटनाका सम्बन्धमा दर्ता भएका मुद्दामा एक हजार १३ जना पक्राउ परेका छन्। पक्राउ परेकाहरूलाई रिहा गर्नुपर्ने आवाज संसद् र सडकमा पनि उठिरहेको छ । जेनजी सहिद दिवसका अवसरमा मंगलबार आयोजित कार्यक्रममा सहभागी नेता र कार्यकर्ताले पनि यही माग राखे । तर तोडफोड, आगजनी र लुटपाटमा संलग्न रहेको आरोपमा पक्राउ परेकालाई छुटाउने कानुनी आधार सरकारले तयार गर्न सकेको छैन ।

आन्दोलनमा सहभागी हुनु र सार्वजनिक सम्पत्तिमा आगो लगाउनु एउटै कुरा नभएको सरोकारवालाहरूको तर्क छ । आन्दोलनमा उपस्थित भएकै आधारमा कसैलाई आगजनी, लुटपाट वा हत्याको अभियुक्त बनाउनु न्यायसंगत नहुने तर प्रमाण भेटिएकालाई कारबाही गर्नुपर्ने उनीहरू बताउँछन् ।

अर्थात्, अब सरकारले पक्राउ परेकालाई रिहा गर्ने हो भने त्यसको कानुनी बाटो पनि स्पष्ट गर्नुपर्ने हुन्छ । अदालतमा विचाराधीन मुद्दा राजनीतिक निर्णयबाट मात्र अन्त्य गर्न मिल्छ कि मिल्दैन ? भन्ने प्रश्न छ । मुद्दा फिर्ता लिने विद्यमान कानुनी व्यवस्थाले जेनजी आन्दोलनका सबै प्रकृतिका कसुरलाई समेट्छ कि समेट्दैन ? भन्ने अर्को प्रश्न छ । अनि गम्भीर अपराधमा आरोपितलाई राजनीतिक सहमतिका आधारमा उन्मुक्ति दिए कस्तो नजिर बस्छ भन्ने विषय पनि छ ।

यही प्रश्नका बीचमा जेनजी आन्दोलनका घटनालाई संक्रमणकालीन न्यायको प्रक्रियाबाट सम्बोधन गर्नुपर्ने आवाज पनि उठेको छ । प्रतिनिधिसभा सदस्य अफ्सना बानु यसका लागि छुट्टै सत्य निरूपण तथा मेलमिलाप संयन्त्र वा आयोग बनाउनुपर्ने बताउँछिन् ।

मंगलबार पुरानो संसद् भवन परिसरमा पत्रकारहरूसँग कुरा गर्दै उनले भनिन्, 'सत्य निरूपण तथा मेलमिलाप संयन्त्र बनाएर जेनजी आन्दोलनसँग जोडिएका घटना र त्यसउपर लागेका मुद्दा हेरिनुपर्छ । विगतमा पनि राजनीतिक आन्दोलनमा यस्तै भएको छ।'

तर यसमा पनि संवैधानिक तथा कानुनी प्रश्न छ । यसबीचमा गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगले दिएको २३ र २४ भदौका घटनाबारेको प्रतिवेदन कार्यान्वयन भएको छैन। आयोगले २४ भदौका ध्वंसात्मक घटनामा संलग्न व्यक्तिको पहिचान र कारबाही गर्न छुट्टै अध्ययन गर्न भनेको छ ।

राष्ट्रिय मानवअधिकार आयोगले पनि घटनाबारे छुट्टै छानबिन गरेर सरकारलाई सिफारिस गरेको थियो। तर त्यसको कार्यान्वयन अघि बढेको छैन ।

सरकारले आयोगका प्रतिवेदन कार्यान्वयन नगर्ने, प्रहरीले थालेको अनुसन्धान सुस्त हुने र पक्राउ परेकालाई रिहा गर्न राजनीतिक दबाब बढ्ने वर्तमान अवस्थामा सरकार यसको न्यायिक निरूपण गर्ने आधार खोज्दै छ ।

कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयका अनुसार यससम्बन्धमा मुख्यतः तीनवटा प्रश्न छन् ।

**पहिलो** : जेनजी आन्दोलनमा सहभागी भएकै आधारमा पक्राउ परेकालाई कसरी छुट्याउने र उनीहरूलाई कहिले र कुन कानुनी आधारमा रिहा गर्ने ?

**दोस्रो** : आगजनी, तोडफोड, लुटपाट, हतियार लुटपाट र हत्याजस्ता कसुरमा संलग्नलाई राजनीतिक आन्दोलनको नाममा उन्मुक्ति दिने कि नियमित फौजदारी कानुनअनुसार अभियोजन गर्ने ?

**तेस्रो** : २३ र २४ भदौका सम्पूर्ण घटनालाई संक्रमणकालीन न्यायको विशेष प्रक्रियाबाट सम्बोधन गर्ने हो भने त्यसका लागि आवश्यक कानुनी संरचना के हुने ?

### बाढीबाट...

नुवाकोट, धादिङ, गोरखा र चितवनका विभिन्न क्षेत्रमा ठूलो क्षति पुऱ्याएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको प्रारम्भिक मूल्यांकनअनुसार पाँच जिल्लाका १५ स्थानीय तहमा १६ हजार ११० घरधुरीका ६४ हजार ३३५ नागरिक प्रभावित भएका छन् । तीमध्ये बाढीबाट प्रत्यक्ष प्रभावित घरधुरी ७ हजार ५७० देखि ८ हजार ३१७ र प्रत्यक्ष प्रभावित जनसंख्या ३२ हजार ९६३ रहेको प्राधिकरणको विवरण छ ।

बाढीले घर तथा बसोबासमा प्रत्यक्ष क्षति पुऱ्याएका परिवारमध्ये ठूलो संख्यामा विस्थापित भएका छन्। सरकारले प्रमाणित गरेका ७ हजार ५७० निजी घरधुरीका परिवारलाई तत्काल कोठा भाडा वा अस्थायी बसोबासका लागि मासिक १५ हजार रुपैयाँ उपलब्ध गराउने निर्णय सरकार गरिसकेको छ। चार जनाभन्दा बढी सदस्य भएको परिवारलाई थप २ हजार रुपैयाँ दिने व्यवस्था गरिएको छ ।

तर सरकारले यो रकमलाई स्थायी समाधानका रूपमा लिएको छैन । अस्थायी बसोबासको व्यवस्था गर्दै सुरक्षित र दीर्घकालीन पुनःस्थापनातर्फ जाने योजना लिइएको भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जनाएको छ ।

सरकारले विस्थापित परिवारलाई सुरक्षित रूपमा राख्न उपर्युक्त जग्गा पहिचान गर्न नापी विभागका महानिर्देशक प्रकाश जोशीको संयोजकत्वमा समिति गठन गरेको छ । समितिलाई बाढी प्रभावित तथा विस्थापित परिवारका लागि अस्थायी बसोबास र दीर्घकालीन पुनःस्थापनाका लागि उपर्युक्त जग्गा पहिचान गर्ने जिम्मेवारी दिइएको छ । समितिले सम्बन्धित स्थानीय तह तथा सरोकारवाला निकायसँग समन्वय गरेर सुरक्षित स्थानको खोजी गर्नेछ । मन्त्रालयका अनुसार पहिलो चरणमा प्रभावित वा सम्बन्धित जिल्लामै उपलब्ध सुरक्षित खाली ठाउँ पहिचान गरी विस्थापितलाई अस्थायी रूपमा राखिनेछ । सबै परिवारलाई तत्काल एकैपटक स्थायी बस्तीमा सार्ने अवस्था नरहेकाले अस्थायी बसोबासको व्यवस्था गरेर त्यसबीचमा दीर्घकालीन पुनःस्थापनाका लागि आवश्यक जग्गा, पूर्वाधार र बस्तीको योजना तयार गर्ने सरकारको तयारी छ ।

अस्थायी बसोबासका लागि कति समय राख्ने भन्ने निश्चित समयसीमा भने सरकारले अहिलेसम्म सार्वजनिक गरेको छैन ।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री प्रतिभा रावल भन्छिन्, 'समय सीमा एक ढंगले सोचिएको छ। तर त्यसलाई सार्वजनिक गरेर जाने भन्दा पनि आन्तरिक रुपमा समयसीमा अनुसार काम गर्ने नीति लिइएको छ ।'

उनका अनुसार मन्त्रालयको योजना तत्काललाई अस्थायी व्यवस्था गर्ने हो। त्यसपछाडि अस्थायी व्यवस्थालाई लामो समय नतन्काएर सुरक्षित स्थान पहिचान गरी स्थायी व्यवस्था गर्ने हो । त्यसैले विस्थापित परिवारले अस्थायी रूपमा कहाँ बस्ने भन्ने निर्णय तत्काल गर्नुपर्ने भए पनि उनीहरूलाई कहाँ र कसरी बसाल्ने भन्ने विषयमा सरकारले छुट्टै योजना बनाइरहेको छ। दीर्घकालीन पुनःस्थापनाका क्रममा सरकारले विस्थापित परिवारलाई विकल्पसमेत दिने तयारी गरेको छ । मन्त्रालयका अनुसार परिवारले आफैँ आफ्नो बसोबास व्यवस्थापन गर्ने वा सरकारले निर्माण गर्ने एकीकृत बस्तीमा बस्ने मध्ये विकल्प रोज्न पाउनेछन्। एकीकृत बस्तीमा बस्न चाहने परिवारका लागि सरकारले सुरक्षित स्थान पहिचान गरी आवश्यक पूर्वाधारसहित बस्ती विकास गर्नेछ ।

मन्त्रालयका अनुसार एकीकृत बस्तीको अवधारणामा घर निर्माणमात्र होइन, सडक, खानेपानी, विद्युत्, विद्यालय, स्वास्थ्य सेवा तथा अन्य आधारभूत पूर्वाधारसमेत समेट्ने गरी योजना बनाइँदैछ । बाढीले पुराना बस्तीको जोखिमसमेत उजागर गरेकाले पहिलेकै नदी किनार वा जोखिमयुक्त क्षेत्रमा परिवारलाई पुनःस्थापित नगरी नजिकै तर दीर्घकालीन ठाउँ खोजिँदैछ ।

तर एकीकृत बस्ती निर्माणको योजना कार्यान्वयन गर्ने बजेटको विषयमा सरकारले केही भनेको छैन । सुरक्षित जग्गा पहिचानदेखि बजेट, स्वामित्व, घरको मापदण्ड, पूर्वाधार निर्माण र विस्थापित परिवारको सहमति लिएर यो काम गर्नुपर्ने हुन्छ । पुरानो थातथलो, खेतीपाती र रोजगारीबाट विस्थापित भएका परिवारलाई नयाँ स्थानमा बसाल्दा उनीहरूको जीविकोपार्जनको आधार पनि सरकारले दिनुपर्ने हुन्छ। यो विषयमा सरकारले अहिले नै केही भनेको छैन ।

मध्यान्ह
www.madhyanhadaily.com



# बाढीमा निधन भएकाको शव व्यवस्थापन र 'डिएनए' परीक्षणलाई तीव्रता

**काठमाडौं/मस-** नेपाल प्रहरीको 'टिम्बुरे टु त्रिवेणी' विशेष अपरेशनअन्तर्गत बाढी प्रभावित क्षेत्रमा खोज तथा उद्धार, 'डिएनए प्रोफाइलिङ', होल्डिङ सेन्टरमा सहजीकरण, समुदाय-प्रहरी साझेदारीलगायत कार्यक्रम सञ्चालन भइरहेका छन् ।

अपरेशनअन्तर्गत प्रहरी मुख्यालयबाट खटिएको टोलीले जिल्ला प्रहरी कार्यालय, नुवाकोटको समन्वयमा अपराध नियन्त्रण तथा अनुसन्धान, राहत वितरण तथा पुनःस्थापना, ट्राफिक व्यवस्थापनजस्ता काम पनि गरिरहेको छ ।

कमाण्ड टोलीले तालिमप्राप्त कुकुरको प्रयोग गरेर खोजी गरिरहेको छ । अभियानअन्तर्गत सहजीकरण तथा समन्वयका लागि नुवाकोटमा खटिएका प्रहरी वरिष्ठ उपरीक्षक(एसएसपी) विनोद सिलवालका अनुसार अभियानअन्तर्गत यही भदौ १९ गतेदेखि हालसम्म ६५ शव व्यवस्थापन गरिएको छ भने ४६ नेपाली र एक भारतीय गरी ४७ शवको डिएनए परीक्षण गरिएको छ। यसमध्ये आठ महिला, एक बालक, सात बालिका छन् । संकलन



गरिएका मध्ये ३७ 'डिएनए' नमुना नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशालामा पठाइएको र १० नमुना पठाउन बाँकी रहेको छ । प्रहरीको लेभल-१ अस्पतालमा डिएनए नमुना संकलन गरिएको छ ।

प्रहरीले बाढी प्रभावित क्षेत्रबाट उद्धार गरिएका शवको व्यवस्थापनसँगै बेपत्ताको खोजीलाई निरन्तरता दिइएको छ। टोलीले रसुवा जिल्लामा आवश्यक सामान पठाउन सहजीकरण गर्नुका साथै रसुवाबाट नुवाकोट ल्याइएका शवको व्यवस्थापनमा समेत सहजीकरण गरिएको छ ।

अपरेशनका क्रममा बाढीले पुरिएका घर तथा विभिन्न संरचनाबाट महत्वपूर्ण एवं अत्यावश्यक धनमाल र वस्तु निकाल्ने कार्य पनि भइरहेको एसएसपी सिलवालले जानकारी दिए। विभिन्न होल्डिङ सेन्टरको अनुगमन तथा प्रभावित क्षेत्रको अवस्थाबारे समन्वय गर्ने कामसमेत भइरहेको उनको भनाइ छ ।

बाढीका कारण भोटेकोशी र त्रिशूलीका तटीय क्षेत्रका विभिन्न स्थानमा हराइरहेकाको उद्धार तथा खोजीलाई प्राथमिकतामा राखेर काम गर्न प्रहरीले मातहतका युनिटलाई निर्देशन दिइएको छ।

बाढी प्रभावित क्षेत्रमा नेपाली सेना अहिले सुरुङलगायत जोखिमयुक्त स्थानमा उद्धार, सडक सञ्जाल सम्पर्क विच्छेद भएका अत्यावश्यक पूर्वाधार निर्माण, पीडितका आफन्तलाई बाढी क्षेत्रमा लाने/ल्याउने आदि काममा केन्द्रित भएकाले प्रहरीले समुदायकेन्द्रित कामलाई जोड दिएको हो ।

नेपाल प्रहरीको 'नेपाल प्रहरी विपद् उद्धार तथा समन्वय सूचना व्यवस्थापन केन्द्र'मार्फत सम्बन्धित बाढी प्रभावित जिल्लालाई आवश्यक निर्देशन दिइएको छ । कुकुर पुग्न नसक्ने स्थानमा ड्रोनको प्रयोग गरी हराइरहेकाको खोजी जारी राखिएको छ ।

फेला परेका शव वा शरीरका अंगका मुचुल्कालगायत कानुनी प्रक्रिया पूरा गरी व्यवस्थापन गर्न, प्रभावित क्षेत्रमा नागरिकका धनमाल, नगद, सुनचाँदी, बैंक कार्ड तथा महत्त्वपूर्ण सरकारी वा व्यक्तिगत कागजात फेला परेको अवस्थामा सम्बन्धित धनीलाई हस्तान्तरण गर्न टोलीले सहजीकरण गरिरहेको छ ।

# गौर राइस मिल्सको जग्गा विवाद पुनः उत्कर्षमा

## सार्वजनिक सम्पत्ति जोगाउन सर्वदलीय बैठक बस्दै

**सत्येन्द्र प्रताप सिंह**
रौतहट, २७ भदौ

रौतहटको सदरमुकाम गौर नगरपालिका-३ स्थित ऐतिहासिक गौर राइस मिल्सको ५ बिघा १९ कट्ठा १५ धुर जग्गाको विवाद फेरि चर्किएको छ । लामो समयदेखि सार्वजनिक प्रयोजनमा प्रयोग हुँदै आएको उक्त जग्गा निजी तवरमा बिक्री वा नामसारी हुन लागेको आशंका व्यक्त गर्दै नागरिक समाज र स्थानीय राजनीतिक दलहरू आन्दोलित बनेका छन् । जग्गाको दीर्घकालीन संरक्षण तथा अल्झिएको अधिग्रहण प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन भदौ २८ गते आइतबार दिउँसो १ बजे गौर नगरपालिकाको सभा हलमा सर्वदलीय बैठक आह्वान गरिएको छ ।



नागरिक समाज रौतहटका सभापति इन्जिनियर जगन्नाथ केशरीको अगुवाइमा हुन लागेको उक्त बैठकमा जिल्लामा क्रियाशील राजनीतिक दलका प्रतिनिधि, जनप्रतिनिधि, अधिकारकर्मी तथा स्थानीय सरोकारवालाहरूको उपस्थिति रहने जनाइएको छ । सभापति केशरीले गौर राइस मिल्सको जग्गा कुनै पनि हालतमा व्यक्तिगत वा व्यावसायिक लाभका लागि बिक्री हुन नदिने र सार्वजनिक प्रयोजनका लागि संरक्षण गर्न नागरिक समाज प्रतिबद्ध रहेको बताएका छन् ।

गौर राइस मिल्सको जग्गा अधिग्रहण गरी सार्वजनिक सम्पत्तिका रूपमा विकास गर्न स्थानीय, प्रदेश तथा संघीय सरकारले पटक-पटक प्रतिबद्धता जनाए पनि बजेटको कमी र फितलो समन्वयका कारण प्रक्रिया अगाडि बढ्न सकेको छैन । यसअघि आर्थिक वर्ष २०७७/७८ मा तत्कालीन प्रदेश नम्बर २, हालको मधेश प्रदेश सरकारको वन तथा पर्यटन मन्त्रालयमार्फत १५ करोड रुपैयाँ विनियोजन गरिएको थियो । तर समयमै प्रक्रिया अघि नबढ्दा उक्त रकम फ्रिज भएको थियो। सोही आर्थिक वर्षमा गौर नगरपालिकाले समेत ३ करोड रुपैयाँ विनियोजन गरेको थियो । तर बजेट अपुग भएको कारण देखाउँदै आर्थिक वर्षको अन्त्यतिर उक्त रकम अन्य योजनामा रकमान्तर गरिएको थियो । चालु आर्थिक वर्षमा पनि प्रदेश सरकारले केही बजेट छुट्याएको बताइए पनि त्यो पर्याप्त नहुने नागरिक समाजको भनाइ छ।

मूल्यांकन समितिको प्रारम्भिक विवरणअनुसार जग्गा अधिग्रहण गरी सम्बन्धित जग्गाधनीलाई मुआब्जा वितरण गर्न कुल १३ करोड ५३ लाख ८२ हजार ६९७ रुपैयाँ ६० पैसा आवश्यक पर्ने उल्लेख छ । २०७१ साउन २७ गते गौर नगरपालिकाका तत्कालीन अधिकृतलाई प्रारम्भिक अधिकृत तोकी मूल्य निर्धारण प्रक्रिया अघि बढाइए पनि राजनीतिक तथा प्रशासनिक इच्छाशक्तिको अभावमा यो विषय अझै अनिर्णीत छ ।

यसैबीच, गौर नगरपालिकाको २०८१ पुस २९ गते बसेको कार्यपालिका बैठकले राइस मिल्सको कित्ता नम्बर १६३ मा रहेको ४ बिघा १० धुर जग्गामध्ये दक्षिणतर्फको २ बिघा १५ कट्ठा जग्गा दानस्वरूप स्वीकार गर्ने र बाँकी जग्गा बिक्री-वितरणका लागि फुकुवा गर्ने निर्णय गरेको थियो ।

उक्त निर्णय सार्वजनिक भएलगत्तै नेकपा एमाले, नेपाली कांग्रेसलगायत राजनीतिक दल तथा नागरिक समाजले कडा विरोध जनाएका थिए । चौतर्फी दबाब र प्रदर्शनपछि नगरपालिकाले २०८१ चैत ६ गते प्रेस विज्ञप्ति जारी गर्दै उक्त फुकुवा प्रक्रिया तत्कालका लागि स्थगित गरिएको घोषणा गरेको थियो । यस विषयमा नागरिक समाजको प्रतिनिधिमण्डलले मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंह तथा अन्य मन्त्रीहरूसँग भेट गरी बजेट व्यवस्थापनका लागि ध्यानाकर्षण गराएको थियो । मुख्यमन्त्रीबाट सकारात्मक आश्वासन पाए पनि बजेटमा पर्याप्त रकम समावेश नभएको भन्दै स्थानीय नेताहरूले असन्तोष व्यक्त गरेका छन् ।

**२००३ सालदेखिको ऐतिहासिक पृष्ठभूमि**

गौर राइस मिल्सको इतिहास करिब आठ दशक पुरानो छ। विक्रम संवत् २००३ साल कात्तिक १९ गते तत्कालीन उद्योग परिषद्मा दर्ता नम्बर ३६/१९९३/२००३ अन्तर्गत 'गौर राइस आयल एन्ड फ्लोर मिल्स नेपाल'का रूपमा यो उद्योग दर्ता भएको थियो ।

तुंगशमशेर, लक्ष्मीशंकर श्रेष्ठजस्ता नेपाली उद्यमी तथा भारतको दरभंगाका अरविन्द बजाजलगायत भारतीय लगानीकर्ताको संयुक्त शेयरमा सञ्चालित यो मिल २०२३ सालमा बन्द भएको थियो । मिल बन्द भएयता उक्त जग्गा स्थानीय खेलकुद, सभा-समारोह तथा विभिन्न सार्वजनिक गतिविधिमा प्रयोग हुँदै आएको छ । भदौ २८ गते बस्ने सर्वदलीय बैठकले जग्गा बिक्री रोक्न तथा सरकारी स्तरबाटै पूर्ण अधिग्रहण गराउन ठोस रणनीति तय गर्ने अपेक्षा गरिएको छ ।

## पाल्हिनन्दनमा नागरिक सुनुवाइ

# लागुऔषध कारोबार र तस्करी नियन्त्रणमा जोड



**बिनोद निगम/मध्यान्ह**
नवलपरासी, २७ भदौ

पश्चिम नवलपरासीको पाल्हिनन्दन गाउँपालिका-५ गेरमीमा समुदाय-प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत नागरिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा सीमा क्षेत्रमा बढ्दो लागूऔषध कारोबार तथा सेवन, तस्करी, सवारी दुर्घटना र सामाजिक विवाद नियन्त्रणका विषयमा स्थानीयले प्रहरीको ध्यानाकर्षण गराएका छन् ।

इलाका प्रहरी कार्यालय महेशपुरको आयोजनामा भएको कार्यक्रममा स्थानीयवासीले आफ्नो क्षेत्रका सुरक्षा समस्या, प्रहरी सेवासम्बन्धी गुनासा तथा सुझाव प्रत्यक्ष रूपमा प्रहरीसमक्ष राखेका थिए । प्रहरी र नागरिकबीचको सहकार्यलाई प्रभावकारी बनाएर स्थानीयस्तरमै अपराध तथा सामाजिक विकृति नियन्त्रण गर्नुपर्नेमा सहभागीहरूले जोड दिएका थिए ।

इलाका प्रहरी कार्यालय महेशपुरका कार्यालय प्रमुख प्रहरी निरीक्षक शुभराज बमको अध्यक्षतामा भएको कार्यक्रममा पाल्हिनन्दन-५ का वडाध्यक्ष दयाशंकर त्रिपाठी प्रमुख अतिथि रहेका थिए । कार्यक्रममा प्रहरी सहायक निरीक्षक लालमणि जोशी, प्रहरी सहायक निरीक्षक राजेन्द्र गौतमलगायत विभिन्न संघसंस्थाका प्रतिनिधि, समाजसेवी तथा स्थानीय नागरिकको सहभागिता रहेको थियो ।

वडाध्यक्ष त्रिपाठीले नेपाल-भारतबीच सदियौँदेखि कायम रहेको रोटीबेटीको सम्बन्धलाई उल्लेख गर्दै सीमा क्षेत्रमा लागूऔषधको कारोबार तथा सेवन बढ्दै गएको बताए। यसको असर बालबालिका तथा युवाको भविष्यमा परिरहेको भन्दै उनले लागूऔषध नियन्त्रणमा प्रहरीलाई स्थानीय तह र समुदायबाट आवश्यक सहयोग उपलब्ध गराउने प्रतिबद्धता जनाए ।

स्थानीय अशोक गुप्ताले सीमा क्षेत्रमा तस्करी बढ्दै गएको र तस्करीमा प्रयोग हुने सवारीसाधन तीव्र गतिमा गुड्दा दुर्घटनाको जोखिमसमेत बढेको बताए। उनले तस्करी नियन्त्रणसँगै सवारीसाधनको गति नियन्त्रणमा ध्यान दिन आग्रह गरे ।

स्थानीयवासीले सामान्य झै-झगडा तथा सामाजिक विवादलाई सम्भव भएसम्म गाउँमै छलफल र मेलमिलापबाट समाधान गर्नुपर्ने बताए। साथै, विवादका घटनामा महिला र पुरुष दुवै पक्षको अवस्था बुझेर निष्पक्ष अनुसन्धान गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा स्थानीयका गुनासा तथा सुझावलाई सम्बोधन गर्दै शान्ति सुरक्षा कायम गर्न प्रहरी र समुदायबीच निरन्तर सहकार्य आवश्यक रहेकोमा जोड दिइएको थियो ।

# बाढीपीडितलाई योगमाता काइको आइकावाजी, महायोग फाउन्डेसन र पाइलोट बाबा आश्रमको सहयोग



**काठमाडौं/मस-** भोटेकोशी बाढीबाट प्रभावित परिवारका लागि योगमाता काइको आइकावाजी, महायोग फाउन्डेसन र पाइलोट बाबा आश्रमले राहत सहयोग गरेका छन् ।

बाढीबाट सिर्जित विनाशकारी परिस्थितिमा प्रभावित परिवारलाई सहयोग पुऱ्याउने उद्देश्यले राहत उपलब्ध गराइएको जनाइएको छ । राहतले आफ्ना प्रियजन, घर, सम्पत्ति लगायत गुमाएर शोकमा रहेका बाढीपीडितलाई केही राहत पुग्ने विश्वास व्यक्त गरिएको छ ।

सहयोगकर्ताले नेपालमा विगतमा भएका महाविपत्तिका समयमा पनि योगमाता काइको आइकावाजी, महायोग फाउन्डेसन र पाइलोट बाबा आश्रमले सहयोग गर्दै आएको स्मरण गरेका छन् । भूकम्प, जुरे पहिरो, मेलम्ची बाढी तथा कोशी बाढीजस्ता विपत्तिमा गरिएको सहयोगलाई पनि उनीहरूले स्मरण गरेका छन् ।

राहत वितरणको अभियानमा जोडिन इच्छुक शुभेच्छुक, मित्र तथा सहयोगीलाई आफूले सकेको सहयोग, चन्दा तथा दान प्रदान गर्नसमेत आग्रह गरिएको छ । मानवताको कठिन घडीमा गरिएको सानो सहयोगले पनि प्रभावित व्यक्तिको जीवनमा ठुलो प्रभाव पार्न सक्ने बताइएको छ । योगमाता काइको आइकावाजीको आशीर्वाद तथा स्वर्गीय गुरु पाइलोट बाबाको आत्मिक आशीर्वादसहित सहयोग अत्यावश्यक अवस्थामा रहेका मानिससम्म पुगेको विश्वास व्यक्त गरिएको छ। नेपाल पुनःमजबुत भएर उठ्ने आशा व्यक्त गर्दै सहयोगी संस्थाहरूले प्रभावित परिवारप्रति माया, ममता र प्रार्थनासहित एकताबद्ध भएर सहयोग जारी राख्न आह्वान गरेका छन् ।

# बाढीपीडितका लागि एनआरएनए उपाध्यक्ष गैरेद्वारा ५ लाख सहयोग

**भरत प्रधान/मध्यान्ह**
लिस्बन २७, भदौ



गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद् (एनआरएनए) का उपाध्यक्ष तिलकप्रसाद गैरेले बाढीपीडितका लागि ५ लाख रुपैयाँ आर्थिक सहयोग गरेका छन् । रसुवाको भोटेकोसीमा आएको बाढीबाट प्रभावित नागरिकको उद्धार तथा राहतका लागि गैरेले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उक्त रकम सहयोग गरेका हुन् । बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनमा सहयोग पुगोस् भन्ने उद्देश्यले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उक्त रकम जम्मा गरिएको उनले बताए ।

'देशमा ठूलो संकट परेका बेला सकेको सहयोग गर्नुपर्छ भन्ने भावनाले सहयोग गरेको हुँ, विपत्तिको घडीमा पीडितलाई सहयोग गर्नु सामाजिक तथा मानवीय दायित्व पनि हो । सानो सहयोगले पीडितलाई केही भए पनि राहत मिलोस् भन्ने हाम्रो चाहना हो,' गैरेले भने । बाढीबाट प्रभावित रसुवाका करिब ५० घरपरिवारलाई राहत सामग्रीसमेत वितरण गर्ने योजना रहेको उनले बताए । नवलपुरको गैंडाकोटका गैरे विगत दुई दशक देखि पोर्चुगल बस्दै आएका छन् । गैरआवासीय नेपाली संघ पोर्चुगलका पूर्व अध्यक्ष समेत रहेका उनले पोर्चुगलमा लामो समयदेखि कृषि व्यवसाय गर्दै आएका छन् ।

# जापानमा सुदूरपश्चिम सांस्कृतिक साँझको तयारी तीव्र

**पूर्ण चलाउने/मध्यान्ह**
टोकियो, २७ भदौ

सुदूरपश्चिमेली नेपाली समाज जापानले जापानको राजधानी टोकियोसहित अन्य शहरमा 'प्रथम सुदूरपश्चिम सांस्कृतिक साँझ-२०२६' आयोजना गर्ने भएको छ ।

कार्यक्रम अक्टोबर ११ तारिख आइतबार साँझ ५ बजेदेखि टोकियोको मेगुरोस्थित मेगुरो कुमिन सेन्टरमा (टोकियोतो मेगुरोकु याकुमो १-१-१) आयोजना गरिने आयोजकले जनाएको छ ।

'हाम्रो संस्कृति, हाम्रो पहिचान, बाढीपीडितहरूका लागि हाम्रो अभियान' भन्ने मूल नाराका साथ आयोजना गर्न लागिएको उक्त सांस्कृतिक कार्यक्रममा सुदूरपश्चिमका चर्चित कलाकारहरू रेखा जोशी, चक्र बमलगायत स्थानीय कलाकारहरूको प्रस्तुति रहने सुदूरपश्चिमेली नेपाली समाज जापानले जनाएको छ । त्यसैगरी, समाजको क्षेत्रीय शाखा




सुदूरपश्चिमेली समाज कान्साईको आयोजनामा ओसाकामा पनि कार्यक्रम हुने भएको छ। ओसाकामा अक्टोबर १२ तारिख सोमबार साँझ ५ बजेदेखि कोकोप्लाजाको यूथ सेन्टरमा कार्यक्रम आयोजना गरिने तय भएको छ । सेन्दाईमा आयोजना गर्ने भनिएको पूर्वनिर्धारित सुदूरपश्चिम महोत्सव भने नेपालमा आएको बाढीपहिरोका कारण रद्द गरिएको समाजले जनाएको छ ।

कार्यक्रमका लागि कलाकारहरूले भिसा प्राप्त गरिसकेका छन् भने अन्य प्राविधिक तथा आवश्यक प्रक्रियासमेत पूरा भइसकेको समाजका अध्यक्ष विकास रोकायाले जानकारी दिएका छन् । नेपालमा बाढीपहिरो आउनुअघि नै निर्धारण गरिएको कार्यक्रमलाई रद्द गर्नुभन्दा निरन्तरता दिई कार्यक्रमबाट प्राप्त हुने मुनाफा रकम विपद्मा ज्यान गुमाएका व्यक्तिका परिवार तथा घाइतेहरूको सहयोगमा प्रयोग गर्नु सान्दर्भिक हुने अध्यक्ष रोकायाले मध्यान्हलाई बताए ।

आफ्नो मौलिक कला, संस्कृति र पहिचानको संरक्षण तथा प्रवर्द्धनसँगै बाढीपीडितहरूको सहयोगार्थ आयोजना गरिने उक्त विशेष सांस्कृतिक साँझमा जापानवासी सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई उपस्थितिका लागि समाजले अनुरोध गरेको छ। कार्यक्रममा जापानवासी नेपालीका साथै विशेषगरी जापानमा रहेका सुदूरपश्चिमेली समुदायको उत्साहजनक सहभागिता रहने अपेक्षा गरिएको छ ।

# उदयपुरमा पहिरोले घर बगायो तीन घर उच्च जोखिममा

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, २७ भदौ

उदयपुरको बेलका नगरपालिका-८ आहालेमा वर्षापछि गएको पहिरोले एक घर बगाउनुका साथै तीन घर जोखिममा परेका छन् । पहिरोका कारण चार घरका ३२ जना विस्थापित भएका छन् ।

बेलका नगरपालिकाका मेयर अशोक कार्कीका अनुसार स्थानीय मेहरमान राईको घर पहिरोले पूर्णरूपमा बगाएको हो । शुक्रबार राति करिब ९ बजे घरसँगै बगेका मेहरमान भने बिहान गाउँको सम्पर्कमा आएका थिए । पहिरोबाट भागेर ज्यान जोगाउन सफल उनी रातभर जंगलमा बसेपछि बिहान गाउँलेको सम्पर्कमा आएका हुन् । पहिरोका कारण स्थानीय अरुणकुमार राई, बमप्रसाद राई र बिरसिंह राईको घरसमेत जोखिममा परेका छन् । तीनवटै घरमा बस्न सक्ने अवस्था नरहेपछि उनीहरूका परिवार सुरक्षित स्थानमा विस्थापित भएका छन् । पहिरोमा मानवीय क्षति भने भएको छैन ।

वडाध्यक्ष जयकुमार राईका अनुसार पहिरोबाट प्रभावित चारै घरका ३२ जनालाई सुरक्षित



स्थानमा रहेको छिमेकीको घरमा राखिएको छ । बाटो खुलाएपछि पीडितलाई पालिकामार्फत राहतको व्यवस्था गर्ने तयारी भइरहेको उनले बताए । उदयपुरका प्रहरी प्रमुख एसपी राजन चापागाईका अनुसार बिहानैदेखि सुरक्षाकर्मी र स्थानीय घटनास्थलमा उद्धार तथा व्यवस्थापनमा खटिएका छन्। राति जोखिममा परेका घरका मानिसलाई सुरक्षित स्थानमा सार्ने काम मात्रै गरिएको थियो । मेयर कार्की, वडाध्यक्ष राई, सुरक्षाकर्मी तथा स्थानीयवासी उद्धारमा खटिएका छन्। स्थानीय प्रत्यक्षदर्शीका अनुसार पहिरो करिब पाँच सय मिटर फराकिलो क्षेत्रमा जमिन फाटेर झन्डै डेढ किलोमिटर तलसम्म घरसहित बगेको छ । पहिरोका कारण ठाउँ-ठाउँमा सडक अवरुद्ध भएकाले घटनास्थल पुग्न दुई घण्टाभन्दा बढी पैदल हिँड्नुपरेको वडाध्यक्ष राईले बताए । घटनाबाट भएको क्षति तथा उद्धारको विस्तृत विवरण आउन बाँकी रहेको प्रहरीले जनाएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**विशेष दर्ता खारेजी 30 दिने सूचना**
यस कार्यालयमा मिति २०६७।२।१३ मा दर्ता भएको **प्रा.लि. नं. ८१८७४** को **गोरक्ष निखिल एग्रिकल्चर** नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनी ले कसैसँग ऋण लिएको वा सो कम्पनी ले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७७।०५।२१ मा दर्ता भएको **प्रा.लि. नं. २४११२०** को **जोहोन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०५।०९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**
**दोस्रो पटक प्रकाशित मिति २०८३/०५/२८**
यस कम्पनीको मिति २०८३।०५।१० मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविक कम्पनी **सन्तोष एण्ड शितल खाध उद्योग प्रा.लि. (दर्ता नं. ३०७४४१)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०५।२४ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **स्मार्ट एग्रो एण्ड फुड इण्डस्ट्रिज प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**
यस कार्यालयमा मिति २०७८।१२।२२ मा दर्ता भएको **सिड्स एण्ड हार्भेष्ट एग्रीकल्चर फार्म प्रा.लि. (प्रा.लि. नं. २८८४७२)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

## सम्पादकीय

# न्यायको बाटो खोल सरकार

जेनजी आन्दोलनका क्रममा पक्राउ परेकालाई रिहा गर्नुपर्ने आवाज राजनीतिक रूपमा बढ्दै गएको छ । संसद् र सडकमा उठेको यो मागलाई सरकारले बेवास्ता गर्न मिल्दैन । अधिवक्तासमेत रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद यज्ञमणि न्यौपानेका अनुसार जेनजी आन्दोलनमा संलग्न केही व्यक्तिहरू थुनामा छन्, जेलमा छन् । कतिपयले तारिख लिइरहेका छन् । तर त्यही जेनजी आन्दोलनको बलमा कोही संसद्मा छन् र कोही सरकारमा छन् । यसलाई उनी दुई खालको न्याय ठान्छन् । यसलाई एउटै कोण र आखाँबाट हेरिनुपर्ने उनको आग्रहलाई अन्यथा ठान्न मिल्दैन । तर आन्दोलनमा सहभागी भएकै आधारमा पक्राउ परेका र आगजनी, तोडफोड, लुटपाट तथा हत्याजस्ता कसुरमा संलग्न भएको आरोप लागेकाबीचको भिन्नता स्पष्ट गर्नुपर्छ । यही भिन्नता सरकारले छुट्याउन सक्नुपर्छ ।

गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगले २४ भदौका ध्वंसात्मक घटनामा संलग्न व्यक्तिको पहिचान र कारबाहीका लागि छुट्टै अनुसन्धान गर्न भनेको छ । राष्ट्रिय मानवअधिकार आयोगले पनि घटनाबारे छानबिन गरेर सरकारलाई सिफारिस गरेको छ । तर प्रतिवेदन कार्यान्वयनमा अन्योल छ । प्रहरीले थालेको अनुसन्धान सुस्त छ । पक्राउ परेकालाई रिहा गर्न राजनीतिक दबाब बढ्दो छ । यस्तो अवस्थामा पीडित र प्रभावितले न्याय पाउने कि नपाउने भन्ने प्रश्न उठेको हो । सरकारले यस्तो कानुनी अड्चन खोल्नुपर्छ । त्यसका लागि सबैभन्दा पहिले आन्दोलनमा सहभागी भएकै आधारमा पक्राउ परेका र आपराधिक कसुरमा संलग्न भएको प्रमाण भेटिएका व्यक्तिलाई छुट्याउनुपर्छ । शान्तिपूर्ण रूपमा आन्दोलनमा सहभागी भएका युवालाई अपराधीको व्यवहार गर्नु अन्याय हो । उनीहरूलाई रिहा गर्ने कानुनी बाटो सरकारले स्पष्ट गर्नुपर्छ । तर सार्वजनिक तथा निजी सम्पत्तिमा आगजनी, तोडफोड, लुटपाट, हतियार लुटपाट र हत्यामा संलग्न भएको प्रमाण भेटिएमा राजनीतिक आन्दोलनको नाममा उन्मुक्ति दिनु अर्को अन्याय हुनेछ ।

संवैधानिक रूपमै पीडित व्यक्ति र परिवारलाई न्याय पाउने हक छ । यसका निम्ति मुद्दा फिर्ता लिने, अभियोजन अघि बढाउने, संक्रमणकालीन न्यायको विशेष प्रक्रियामा लैजाने वा के गर्ने हो त्यसबारे स्पष्ट कानुनी आधार सार्वजनिक गर्नुपर्छ । गम्भीर अपराधमा आरोपितलाई उन्मुक्ति दिन खोजिएको हो कि होइन, सरकारले प्रस्ट भन्नुपर्छ । यदि विशेष संयन्त्र आवश्यक छ भने त्यसको संवैधानिक र कानुनी संरचना के हुने हो, त्यो पनि खुलाउनुपर्छ । कानुनअनुसार कारबाही हुने हो भने कस्तो कसुरमा हुने हो, रिहा गर्ने हो भने कस्तो अवस्थामा गर्ने हो, स्पष्ट मापदण्ड तोक्नुपर्छ । जेनजी आन्दोलनको सम्मान गर्नु र पीडितलाई न्याय दिनु एकअर्काका विरोधी होइनन् । बरू निष्पक्ष अनुसन्धान, प्रमाणमा आधारित अभियोजन र कानुनी उपचारबाटै आन्दोलनको उपलब्धि संस्थागत हुन सक्छ । यसकारण सरकारले शक्तिमा रहेका आन्दोलनकारीलाई मात्र खुसी पारेर हुँदैन । सबै नागरिकलाई समान रूपमा न्यायको अनुभूति दिलाओस् । जेनजी आन्दोलनसँग सम्बन्धित प्रतिवेदनहरू कार्यान्वयन गरोस् । पीडित तथा प्रभावितलाई निशपक्षताका साथ न्यायको दिलाओस् ।

# एउटै प्रतीज्ञा, दुई कांग्रेस

समानान्तर महाधिवेशन र अदालती लडाइँले नेपाली कांग्रेसलाई ऐतिहासिक विभाजनको दोबाटोमा पुऱ्याएको छ । एकताबद्ध छँदा जारी गरिएको महत्वाकांक्षी प्रतिज्ञापत्र अहिले दुवै पक्षका लागि कसी बनेको छ । देउवा र गगन नेतृत्वका दुवै धारले व्यक्तिगत र गुटगत स्वार्थभन्दा माथि उठेर साझा वाचा र संस्थागत लोकतन्त्र जोगाउन नसके नेपाली कांग्रेसको भविष्य संकटमा पर्नेछ ।

अग्रलेख



● अर्जुन गौतम

नेपाली कांग्रेस अहिले जुन दोबाटोमा उभिएको छ, त्यो यसअघिका धेरै आन्तरिक कलहभन्दा सर्वथा फरक छ । यसपटक कुरा गुटगत तानातान वा विचारको सामान्य मतभेदमा मात्र सीमित छैन । पार्टी नै संस्थागत रूपमा दुई फरक र समानान्तर धारमा बाँडिएको छ । गगन थापा र विश्वप्रकाश शर्माको अगुवाइमा महासमितिको ठूलो समूहको हस्ताक्षरबाट बोलाइएको विशेष महाधिवेशनले गगन थापालाई सभापति चुनेको घोषणा गऱ्यो । अर्कोतिर, शेरबहादुर देउवा पक्षले आफ्नै नियमित १५औं महाधिवेशन छुट्टै समयतालिकामा गर्ने घोषणा गरिसकेको छ । अर्थात्, अहिले नेपाली कांग्रेसभित्र दुई समानान्तर सङ्गठन संरचनाहरू आमनेसामने उभिएका छन् ।

यस्तो अभूतपूर्व र जटिल परिस्थितिमा, अविभाजित गगन नेतृत्वको कांग्रेसले गत वर्ष जारी गरेको प्रतिज्ञापत्रलाई कसरी हेर्ने ? यो न गगनको व्यक्तिगत प्रतिज्ञापत्र हो, न देउवाको एकल दस्तावेज । यो त दुई धारमा विभाजित हुनुभन्दा अघि सिङ्गो कांग्रेसले आफैँसँग र देशसँग गरेको साझा वाचा हो । प्रश्न अब यो होइन कि गगनको कांग्रेस कस्तो हुन्छ वा देउवाको पक्ष कता जान्छ; मुख्य प्रश्न यो हो–फुटेको घरका दुवै पक्षले उही साझा वाचालाई कति इमानदारीपूर्वक बोक्न सक्छन्, र त्यसमध्ये कसले साँचो अर्थमा त्यसलाई व्यवहारमा उतार्ने साहस देखाउँछ ?

प्रतिज्ञापत्र पढ्दा यसको भाषा, भाव र महत्त्वाकांक्षा दुवै निकै चाखलाग्दा देखिन्छन् । कांग्रेसले गत जेनजी विद्रोहबाट व्यक्त भएको जनआक्रोशलाई पूर्ण रूपमा आत्मसात गर्ने र त्यसअनुरूप पार्टी पूर्णतः रूपान्तरित भएको उद्घोष गर्दै यो दस्तावेज तयार पारेको थियो । तर त्यो बेला पार्टी अझै एक थियो । अर्थात्, यो कुनै एक गुटको मात्र भाषा नभई साझा संस्थाको गम्भीर आत्मस्वीकृति थियो ।

त्यो प्रतिज्ञापत्र आर्थिक मोर्चामा त झन् बढी महत्त्वाकांक्षी देखिन्छ । आगामी पाँच वर्षलाई 'आर्थिक पुनरुत्थानको अर्धदशक' घोषणा गर्दै अर्थतन्त्रको आकार ११५ खर्ब रुपैयाँ र प्रतिव्यक्ति आय २५०० अमेरिकी डलर पुऱ्याउने एवं कुल लगानीको लगभग ८० प्रतिशत निजी क्षेत्रबाट ल्याउने सङ्कल्प गरिएको छ ।

अहिले यही प्रतिज्ञा दुई फरक धारमा उभिएका नेताहरूको काँधमा आइपुगेको छ । जुन दस्तावेज पार्टीलाई एउटै कार्यदिशा र स्पष्ट दृष्टिकोण दिने उद्देश्यले तयार पारिएको थियो, त्यही दस्तावेज अहिले नेतृत्व विवाद र राजनीतिक द्वन्द्वको छायामा पर्नु इतिहासकै विडम्बनापूर्ण दृश्य बनेको छ । अब यसलाई कसैको व्यक्तिगत सपना वा राजनीतिक आकाङ्क्षाका रूपमा मात्र हेर्नुभन्दा, विभाजित कांग्रेसका दुवै धारले आफ्नै विचार, नेतृत्व र कार्यशैलीलाई जाँच्ने साझा मापदण्डका रूपमा ग्रहण गर्नु बढी सार्थक हुनेछ ।

देउवा र गगनबीचको लामो प्रतिस्पर्धा अब संवाद वा आन्तरिक वार्ताले सुल्झिने चरणबाट धेरै अगाडि पुगिसकेको छ । यो विवाद अहिले अदालतको ढोकासम्म पुगेको छ । यो टकराव केवल दुई व्यक्तित्व वा दुई गुटबीचको प्रतिस्पर्धा मात्र होइन; वास्तवमा यो दुई फरक राजनीतिक समय र राजनीतिक संस्कृतिबीचको भिडन्त हो । एकतर्फ लामो राजनीतिक अनुभव, परम्परागत सङ्गठन संरचना र पुरानो सञ्जालमा आधारित नेतृत्वशैली छ भने अर्कोतर्फ द्रुत निर्णय, प्रत्यक्ष सार्वजनिक संवाद र बदलिँदो समयको अपेक्षाअनुसार अघि बढ्न खोज्ने नयाँ कार्यशैली छ ।

प्रतिज्ञापत्रमा समेटिएको एउटा महत्त्वपूर्ण प्रावधानले यो टकरावको गहिराइलाई अझ स्पष्ट पारेको छ । त्यसमा राष्ट्रपतिका लागि एक कार्यकाल, प्रधानमन्त्री र मुख्यमन्त्रीका लागि बढीमा दुई कार्यकाल, मन्त्रीका लागि बढीमा तीन कार्यकाल र समानुपातिक सांसदका लागि एक पटक मात्र अवसर पाउने संवैधानिक व्यवस्थाप्रति प्रतिबद्धता जनाइएको छ ।

यही प्रावधानले पुरानो पुस्ताको दीर्घकालीन सत्ता-निरन्तरताको परम्परालाई सिधा चुनौती दियो । त्यतिबेला यो प्रावधान एउटा सैद्धान्तिक प्रतिबद्धताजस्तो मात्र देखिन्थ्यो । तर पार्टी विभाजनपछि यसको अर्थ झन् गहन र पेचिलो बनेको छ । दुवै पक्ष आ-आफ्नो महाधिवेशनको तयारीमा अघि बढिरहेका बेला यही प्रावधानले नेतृत्वको कार्यकाल र सत्ता हस्तान्तरणबारे स्वाभाविक प्रश्नहरू जन्माएको छ । नेतृत्वको कार्यकाल सीमित गर्ने व्यवस्था केवल राजनीतिक सिद्धान्तका रूपमा स्थापित भएको हो कि परिस्थितिअनुसार फरक अर्थ ग्रहण गर्न सक्ने प्रावधान मात्र ? यदि यो सिद्धान्तकै रूपमा स्वीकार गरिएको हो भने, बदलिँदो परिस्थितिमा पनि त्यसको मर्म र अभ्यासबीच कति सामञ्जस्य कायम गर्न सकिन्छ भन्ने प्रश्न उत्तिकै महत्त्वपूर्ण छ ।



### प्रतिज्ञा लागू गर्ने कसले ?

इमानदारीपूर्वक भन्नुपर्दा, प्रतिज्ञापत्रले नेपालको आगामी यात्राका लागि महत्त्वाकांक्षी, रचनात्मक र स्पष्ट मार्गचित्र प्रस्तुत गरेको छ, जुन आफैँमा प्रशंसनीय छ । देशको सम्भावना, प्राथमिकता र भविष्यप्रतिको स्पष्ट दृष्टि यसमा देखिन्छ । यति स्पष्ट आकाङ्क्षालाई नीतिगत प्रतिबद्धतासँग जोडेर अघि बढाउने प्रयासलाई सकारात्मक रूपमा लिनैपर्छ ।

प्रतिज्ञापत्रको सबैभन्दा बलियो पक्ष सुशासनसम्बन्धी २१ बुँदे प्रतिबद्धता हो । यसमा छ महिनाभित्र उच्चस्तरीय सम्पत्ति छानबिन आयोग गठन, संवैधानिक निकाय र सार्वजनिक संस्थामा योग्यताका आधारमा मात्र नियुक्ति, विश्वविद्यालयको कुलपतिबाट प्रधानमन्त्रीको पद हटाउने, फौजदारी अभियोग लागेका व्यक्ति निर्वाचनमा उठ्न नपाउने, र मन्त्रीहरूले पद ग्रहण अघि र त्यागपछि सम्पत्ति सार्वजनिक गर्नुपर्ने जस्ता कठोर व्यवस्था समेटिएका छन् ।

तर, आफ्नै नेतृत्व हस्तान्तरणको विषयमा सहमति खोज्न कठिन भएको र महाधिवेशनको वैधताका लागि न्यायिक प्रक्रियासम्म पुग्नुपरेको पार्टीले सरकार र सङ्गठनको आकार साँघुर्याउने यस्ता प्रतिबद्धतालाई छ महिना वा एक वर्षभित्रै व्यवहारमा उतार्न सहज नहुन सक्छ । नीति निर्माण गर्नु एउटा पक्ष हो भने त्यसलाई आफैँबाट कार्यान्वयन गर्नु अर्को । यही अन्तरले प्रतिबद्धताको वास्तविक परीक्षा लिन्छ ।

यहाँ प्रश्न घोषणा कति राम्रो छ भन्नेमा मात्र सीमित रहँदैन; कार्यान्वयनको जिम्मेवारी लिने संस्थागत संरचना नै स्पष्ट भइनसकेको अवस्थामा गरिएका प्रतिबद्धताहरू कसको काँधमा रहनेछन् भन्ने मुख्य प्रश्न खडा हुन्छ ।

### जोखिम र विरोधाभास

प्रतिज्ञापत्रले राजनीतिक दलहरूलाई पारदर्शी बनाउने, मतदातालाई असन्तुष्टि जनाउने 'राइट टु रिजेक्ट' र जनप्रतिनिधि फिर्ता बोलाउने 'राइट टु रिकल'को व्यवस्था एक वर्षभित्र ल्याउने प्रतिबद्धता गरेको छ । तर आज कांग्रेस आफैँ आन्तरिक लोकतन्त्र र नेतृत्व-हस्तान्तरणको वैधतामाथि दुई धारमा बाँडिएर अदालतको ढोका ढक्ढक्याइरहेको छ । जुन दलले बाहिरी राज्यसंयन्त्रलाई प्रजातान्त्रिक बनाउने प्रतिज्ञा गर्छ, त्यही दल आफ्नै भित्री लोकतन्त्रको प्रश्नमा यति असफल देखिनु ठूलो विरोधाभास हो ।

अर्को जोखिम व्यक्तिकेन्द्रीकरणको हो । गगन थापाको लोकप्रियता सामाजिक सञ्जाल र सहरी युवावर्गमा बलियो छ । तर, लोकप्रियता र वैधानिकता दुई फरक कुरा हुन् । यदि गगन पक्षले संख्यात्मक बहुमत वा सडकको समर्थनलाई नै संस्थागत वैधताको विकल्प ठान्यो भने, भोलिका दिनमा देउवा पक्षले पनि उस्तै तर्क प्रयोग गर्ने ठाउँ खुला हुनेछ, जसले कांग्रेसलाई झन् गम्भीर सङ्कटमा धकेल्नेछ ।

विभाजनको यो घडीमा गगन थापाका लागि केही स्पष्ट चेतावनीहरू झन् बढी सान्दर्भिक बनेका छन् । आफ्नो नेतृत्वको दाबीलाई मात्र सही ठम्याउनु, विपक्षी पक्षको भूमिकालाई बेवास्ता गर्नु र सङ्ख्यालाई नै निर्णयको मुख्य आधार बनाउनु पुरानै राजनीतिक संस्कारको निरन्तरता जस्तै देखिन्छ । सामाजिक सञ्जालको लोकप्रियता महत्त्वपूर्ण भए पनि त्यसलाई सङ्गठनको विकल्प ठान्नु उचित हुँदैन । विभाजित पार्टीलाई पुनः संगठित गर्न सञ्जालभन्दा धरातलीय सङ्गठन निर्माण, कार्यकर्तासँगको सम्बन्ध र आपसी विश्वासको निरन्तर प्रयास आवश्यक हुन्छ । नयाँ कांग्रेस भनेको पुरानो पक्षलाई हराउनु मात्र होइन, विभाजित संस्थालाई पुनः विश्वासयोग्य बनाउनु हो ।

### अन्तिम परीक्षा

विभाजनकै बीच पनि प्रतिज्ञापत्रले आंशिक बाटो देखाउँछ । तर, अब त्यसलाई लागू गर्नुअघि संस्थागत वैधताको प्रश्न टुङ्गोमा पुग्नुपर्छ । न्यायिक प्रक्रियाप्रतिको सम्मान सबैभन्दा पहिलो सर्त हुनुपर्छ । अदालतको फैसला जे आए पनि दुवै पक्षले त्यसलाई स्वीकार गर्ने परिपाटी बसाल्नुपर्छ ।

नेपालको लोकतान्त्रिक इतिहासमा २००७ सालको क्रान्तिदेखि २०६२/६३ को आन्दोलनसम्म कांग्रेसको भूमिका अग्रणी थियो । तर इतिहासमा ठूलो हुनु र भविष्यका लागि आवश्यक हुनु एउटै कुरा होइन । भदौको जेनजी विद्रोहले देखाएको आक्रोश स्थापित राजनीतिक व्यवस्थाप्रतिकै असन्तुष्टि थियो । यस्तो बेला पार्टी आफैँ विभाजन र अस्थिरताको कारण बन्नु झन् गम्भीर विषय हो ।

गगन थापा र देउवा दुवैको वास्तविक परीक्षा अब सुरु हुन्छ । विशेष महाधिवेशन वा अदालती लडाइँभन्दा ठूलो कुरा, सबैभन्दा ठूलो, बलियो र एकताबद्ध कांग्रेस निर्माण गर्न सक्ने कि नसक्ने भन्ने हो । यस्तो कांग्रेस, जहाँ व्यक्ति होइन संस्था ठूलो होस्, गुट होइन नीति निर्णायक बनोस् ।

नेपालको इतिहासले पार्टीहरू कसरी फुटे भन्ने मात्र सम्झँदैन । फुटिसकेपछि कसले संस्था जोगाउने र साझा वाचा पूरा गर्ने साहस गऱ्यो भन्ने पनि सम्झन्छ । कांग्रेसका लागि अहिले त्यही निर्णायक घडी हो । आफ्नो इतिहासको गौरव बोकेर भविष्यतर्फ अघि बढ्ने कि आफ्नै विभाजनलाई इतिहासको अन्तिम अध्याय बनाउने ?

**(लेखक गौतम प्रविधि विशेषज्ञ इन्जिनियर हुन् ।)**

# व्यावहारिक चुनौतीको घेरामा महिला अधिकार

समाज



● मुना बोहरा

*नेपालको संविधान र कानुनले महिलालाई समान नागरिकका रूपमा अधिकार, सम्पत्तिमा स्वामित्व र राजनीतिक सहभागिताको ग्यारेन्टी गरे पनि व्यवहारमा अझै पूर्ण रूपमा लागू हुन सकेको छैन। घरेलु हिंसा, बालविवाह र विभेद अन्त्य गर्दै कानुनको प्रभावकारी कार्यान्वयन र आर्थिक आत्मनिर्भरतामार्फत महिला अधिकार सुनिश्चित गर्नु आजको आवश्यकता हो ।*

महिला अधिकार आजको लोकतान्त्रिक समाजको महत्त्वपूर्ण विषय हो । कुनै पनि राष्ट्रको विकास, सामाजिक न्याय र समावेशी लोकतन्त्रको मापन त्यहाँका महिलाले प्राप्त गरेका अधिकार र अवसरका आधारमा गरिन्छ । नेपालको इतिहास हेर्दा महिलाहरूले लामो समयसम्म सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक विभेद भोग्दै आएका छन् । समयसँगै आएका राजनीतिक परिवर्तन, संवैधानिक विकास र कानुनी सुधारले महिला अधिकारलाई बलियो बनाउँदै लगेका छन् । वर्तमान संविधानले महिलालाई समान नागरिकका रूपमा स्वीकार गर्दै उनीहरूका अधिकारलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ । विभिन्न ऐन-कानुनले महिलामाथि हुने हिंसा, विभेद र शोषण रोक्न महत्त्वपूर्ण आधार तयार पारेका छन् । यद्यपि कानुनमा अधिकार सुनिश्चित भए पनि त्यसको प्रभावकारी कार्यान्वयन भने अझै चुनौतीपूर्ण छ ।

नेपालको संविधानले महिला र पुरुषबीच समानताको स्पष्ट प्रत्याभूति गरेको छ । धारा १८ ले सबै नागरिक कानुनको दृष्टिमा समान हुने र लिङ्गका आधारमा भेदभाव गर्न नपाइने व्यवस्था गरेको छ । धारा ३८ ले महिलाको हकलाई विशेष रूपमा सुनिश्चित गर्दै लैङ्गिक भेदभावबिना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी अधिकार प्रदान गरेको छ । महिलामाथि धार्मिक, सामाजिक वा सांस्कृतिक परम्पराका नाममा शोषण गर्न नपाइने र त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुने संवैधानिक व्यवस्था छ ।

यो संवैधानिक व्यवस्था आफैँमा महत्त्वपूर्ण उपलब्धि हो । विगतमा महिलाको भूमिका घरपरिवार र घरेलु जिम्मेवारीमा मात्र सीमित राख्ने सामाजिक सोच बलियो थियो । शिक्षा, सम्पत्ति, रोजगारी, राजनीतिक सहभागिता र निर्णय प्रक्रियामा महिलाको पहुँच कमजोर थियो । अहिले संविधानले महिलालाई समान अधिकार दिनुका साथै राज्यका हरेक निकायमा सहभागितालाई प्राथमिकता दिएको छ ।

राजनीतिक क्षेत्रमा महिलाको सहभागिता बढाउन समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको छ । सङ्घीय संसद्देखि स्थानीय तहसम्म महिलाको प्रतिनिधित्व सुनिश्चित गर्ने संवैधानिक र कानुनी प्रबन्ध छ । स्थानीय तहमा महिलाको प्रतिनिधित्वका लागि गरिएको विशेष व्यवस्था राजनीतिक सशक्तीकरणका दृष्टिले कोसेढुङ्गा साबित भएको छ । यसले महिलालाई केवल मतदाता वा कार्यकर्तामा सीमित नराखी निर्णय प्रक्रियामै पुग्ने अवसर दिएको छ । तर, संख्यात्मक उपस्थिति बढ्दैमा मात्र सशक्तीकरण पूर्ण हुँदैन; उनीहरूको वास्तविक निर्णय क्षमता, नेतृत्व र स्वतन्त्र राजनीतिक भूमिकालाई पनि सशक्त बनाउनु आवश्यक छ ।

महिला अधिकारको अर्को महत्त्वपूर्ण आयाम सम्पत्तिको अधिकार हो । नेपालको कानुनी व्यवस्थाले छोरा र छोरीबीच पैतृक सम्पत्तिमा समान अधिकारको अवधारणा स्वीकार गरेको छ । महिलाले आफ्नो नाममा सम्पत्ति राख्न, किनबेच गर्न तथा कानुनबमोजिम प्रयोग गर्न पाउँछन् । सम्पत्तिमा समान अधिकार महिलाको आर्थिक सशक्तीकरणका लागि अत्यन्त महत्त्वपूर्ण छ । आर्थिक रूपमा आत्मनिर्भर महिला आफ्ना निर्णयहरूमा स्वतन्त्र हुनुका साथै घरेलु तथा सामाजिक शोषणविरुद्ध उभिन सक्षम हुन्छन् ।

विवाह तथा पारिवारिक जीवनमा पनि महिला अधिकारलाई कानुनले संरक्षण गरेको छ । विवाह स्वतन्त्र सहमतिमा हुनुपर्ने र महिलाको इच्छाविपरीत वा जबरजस्ती गरिने बालविवाह कानुनविपरीत हुने स्पष्ट व्यवस्था छ ।



नेपालमा विवाहको न्यूनतम उमेर २० वर्ष तोकिएको छ । बालविवाहले बालिकाको शिक्षा, स्वास्थ्य र भविष्यमा गम्भीर असर पार्ने भएकाले यसलाई कडा अपराध मानिएको छ ।

सम्बन्धविच्छेदको अवस्थामा पनि कानुनले महिला अधिकारको रक्षा गरेको छ । वैवाहिक सम्बन्ध अन्त्य हुँदा कानुनबमोजिम महिलाले अंश, भरणपोषण र अन्य कानुनी अधिकार प्राप्त गर्न सक्छन् । यसले वैवाहिक सम्बन्ध सकिएपछि महिलालाई आर्थिक तथा सामाजिक रूपमा असहाय हुनबाट जोगाउँछ ।

महिलाविरुद्ध हुने हिंसा नियन्त्रण गर्नु आजको मुख्य चुनौती हो । घरेलु हिंसा, बलात्कार, यौन दुर्व्यवहार, मानव बेचबिखन, दाइजो प्रथा, बोक्सीको आरोप र लैङ्गिक हिंसाले महिलाको सम्मान, स्वतन्त्रता र मानव अधिकारमा सीधा प्रहार गर्छन् । 'घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६' ले घरेलु हिंसालाई कानुनी रूपमा सम्बोधन गर्दै पीडितलाई संरक्षणको आधार दिएको छ ।

त्यस्तै, 'मुलुकी अपराध संहिता, २०७४' ले बलात्कार तथा यौनजन्य कसूरलाई गम्भीर अपराधका रूपमा परिभाषित गरी कडा सजायको व्यवस्था गरेको छ । महिलाको शरीर, मर्यादा र यौन स्वतन्त्रताको रक्षाका लागि यस्तो व्यवस्था अनिवार्य छ । महिलाको इच्छा र सहमतिविपरीत हुने यौनजन्य कार्यलाई सामान्य घटना नभई गम्भीर अपराध मान्नु कानुनको बलियो पक्ष हो ।

कार्यस्थलमा महिलाको सुरक्षा र सम्मानका लागि पनि स्पष्ट नियमहरू छन् । 'कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण ऐन, २०७१' ले कार्यस्थललाई सुरक्षित, मर्यादित र सम्मानजनक बनाउन कानुनी आधार दिएको छ । रोजगारीमा लैङ्गिक विभेद नगर्ने, समान कामका लागि समान पारिश्रमिक दिने र मातृत्वको अवस्थामा आवश्यक संरक्षण प्रदान गर्ने विषय श्रम कानुनका महत्वपूर्ण भाग हुन् ।

महिलाको स्वास्थ्य र प्रजनन अधिकारलाई पनि कानुनले प्राथमिकता दिएको छ । संविधानले दिएको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हकलाई 'सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५' ले थप स्पष्ट पारेको छ । आफ्नो शरीर, स्वास्थ्य, परिवार नियोजन र प्रजननसम्बन्धी सूचना तथा सेवा पाउनु महिलाको आधारभूत अधिकार हो ।

महिला अधिकार संरक्षणमा अन्तर्राष्ट्रिय कानुनको पनि ठूलो भूमिका छ । नेपालले 'महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (सिड)' लगायत अन्तर्राष्ट्रिय दस्तावेजमा प्रतिबद्धता जनाएको छ । सिडले राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा हुने विभेद अन्त्य गर्न राज्यलाई जिम्मेवार बनाउँछ, जसले राष्ट्रिय कानुन र व्यवहारमा समानता ल्याउन नेपाललाई बाध्य पारेको छ ।

पर्याप्त कानुनी व्यवस्था हुँदाहुँदै पनि व्यवहारमा महिलाले पूर्ण अधिकार पाउन सकेका छैनन् । घरेलु हिंसा, यौन हिंसा, बालविवाह, दाइजो, मानव बेचबिखन र आर्थिक विभेद अझै कायम छन् । कतिपय महिलाले आफूमाथि भएको हिंसाविरुद्ध बोल्दासमेत सामाजिक र पारिवारिक दबाब झेल्नुपर्छ । आर्थिक रूपमा परनिर्भर हुँदा न्याय खोज्न जानु अझ गाह्रो हुन्छ ।

काउन्सिल वा कानुनसम्बन्धी चेतनाको कमी अधिकार कार्यान्वयनको ठूलो बाधक हो । आफूले पाउने अधिकारबारे थाहा नहुँदा त्यसको माग र संरक्षण गर्न सकिँदैन । त्यसैले कानुनी शिक्षा गाउँ-गाउँसम्म पुऱ्याउनु आवश्यक छ । प्रहरी, सरकारी वकिल, अदालत र सम्बन्धित निकायहरूलाई अझ पीडितमैत्री बनाइनुपर्छ । उजुरी गर्दा उल्टै महिलाले नै सामाजिक अपमान सहनुपर्ने स्थितिको अन्त्य हुनैपर्छ ।

महिला अधिकार कागजमा कानुन लेखेर मात्र सुनिश्चित हुँदैन । कानुनको प्रभावकारी कार्यान्वयन, पीडितलाई तत्काल संरक्षण, निःशुल्क कानुनी सहायता, दोषीलाई समयमै सजाय र न्याय दिलाउने भरपर्दो संयन्त्र आवश्यक छ । यसका साथै महिलालाई शिक्षा, रोजगारी, सम्पत्तिमा पहुँच र आर्थिक आत्मनिर्भरता दिनु उत्तिकै महत्त्वपूर्ण छ । आर्थिक रूपमा सशक्त महिला नै आफ्ना अधिकारका लागि आवाज उठाउन र अन्यायको प्रतिरोध गर्न सक्षम हुन्छिन् ।

इतिहासको पाना ● सन्तोष खडेरी

# देवशमशेरको सत्ताच्युत र मसुरी निर्वासन



नेपालको राणाकालीन इतिहासमा उदार र सुधारवादी शासकका रूपमा चिनिएका श्री ३ देवशमशेर वीरशमशेरको निधनपछि सन् १९०१ मार्च ५ मा मुलुकको प्रधानमन्त्री बनेका थिए। तर, उनी सत्तामा आएको छोटो समयमै आफ्नै भाइ-भतिजाहरूको षड्यन्त्रको सिकार बने।

महाराज बनेको १११ औं दिन (२६ जुन १९०१) मा दरबार स्कुलमा पुरस्कार वितरण गरी फर्किंदा वीरशमशेरका छोराहरूको अंशबन्डा मिलाइदिने बहानामा उनलाई सेतो दरबार पुऱ्याइयो। त्यहीँ उनलाई नियन्त्रणमा लिई रातारात धनकुटातर्फ लखेटियो। उनी २६ दिनपछि धनकुटा पुगे र त्यहाँबाट इलाम एवं माइपोखरी हुँदै ३० अक्टोबरमा भारतको दार्जिलिङ पुगे। त्यसपछि उनी कहिल्यै नेपाल फर्किएनन्।

देवशमशेरलाई काठमाडौँबाट धपाइए पनि चन्द्रशमशेरले उनको निजी सम्पत्ति भने खोसेका थिएनन्। थापाथली दरबारमा रहेका २१ वटा हात्ती, घोडा र बग्गीको मूल्यस्वरूप तत्कालीन सरकारले ७५ हजार २ सय कम्पनी रुपियाँ दिएको थियो। कोलकातास्थित 'बैंक अफ बङ्गाल' मा उनको खातामा करिब २ लाख २३ हजार भारतीय रूपियाँ सुरक्षित थियो। साथै, रानीहरूका गरगहना बाहेकका सम्पत्ति सनद गरी नेपालमै सुरक्षित राखिएको थियो र उनलाई मासिक भत्ता समेत पठाइन्थ्यो। (यसअघि सन् १८८६ मा कमान्डर इन चिफ खड्गशमशेरलाई लखेटिँदा पनि सम्पत्तिको मोल दिइएको थियो।)

भारत पुगेपछि देवशमशेरले राजकुमारी शारदाकुमारीसँग विवाह गरे। शारदाकुमारी निसन्तान रहे पनि उनले अन्य रानीहरूबाट जन्मिएका छोराछोरीको पूर्ण अभिभावकत्व ग्रहण गरिन्। देवशमशेरको अनुपस्थिति र पछि निधनपश्चात् पनि रानी शारदामार्फत नै चन्द्रशमशेरले परिवारको हेरचाहका लागि भत्ता पठाउने गर्दथे।

अन्ततः भारतको मसुरीमा आफ्नी कान्छी रानी शारदा र छोराछोरीका साथ बस्दै आएका पूर्वप्रधानमन्त्री देवशमशेरको सन् १९१४ फेब्रुअरी २० को बिहान मसुरीमै निधन भयो। यसरी नेपालमा जनपक्षीय सुधारको थालनी गर्न खोज्ने एक उदार राणा प्रधानमन्त्रीको अध्याय विदेशी भूमिमा दुखद रूपमा अन्त्य भयो।

तस्बिरमा भारततिर लखेटिएका महाराज देवशमशेर भारतको मसुरीमा आफ्नी कान्छी रानी शारदा र छोराछोरी सहित ।

# नेपाल एसिसी प्रिमियर कप च्याम्पियन, एसिया कपमा छनोट



**काठमाडौं/मस-** तेस्रो संस्करणको एसिसी प्रिमियर कप एकदिवसीय प्रतियोगिताको उपाधि नेपालले जितेको छ । शनिबार मलेसियामा सम्पन्न फाइनल खेलमा युनाइटेड अरब इमिरेट्स (युएई)लाई ४४ रनले हराउँदै नेपालले दोस्रोपटक प्रिमियर कपको उपाधि जितेको हो ।

योसँगै नेपाली टोली सन् २०२७ मा बंगलादेशमा आयोजना हुने एकदिवसीय एसिया कपमा छनोट भएको छ । नेपालले दोस्रोपटक एसिया कपमा स्थान बनाएको हो । नेपालले यसअघि सन् २०२३ मा युएईलाई नै हराएर एसिया कपमा स्थान बनाएको थियो ।

गत संस्करणको विजेता बनेको युएई भने एसिया कप २०२७ मा स्थान बनाउन वञ्चित भयो ।

फाइनल खेलमा नेपालले दिएको ३१४ रनको लक्ष्य पछ्याएको युएई ४९ दशमलव एक ओभरमा २६९ रनमा अलआउट भयो । उसका लागि राहुल चोपराले १०५ बलमा तीन चौका र चार छक्कासहित अविजित १०० रनको पारी खेले पनि जितका लागि पर्याप्त भएन ।

यस्तै सोयब खानले ५२, तानिस सुरीले ४२, हरप्रीत सिंहले ३३ र खुजैमा तनवीरले १५ रन जोडे । नेपालका लागि बलिङतर्फ करण केसीले तीन, ललितनारायण राजवंशीले दुई, कप्तान सन्दीप लामिछाने, दीपेन्द्रसिंह ऐरी, रोहितकुमार पौडेल र गुलशनकुमार झाले एक/एक विकेट लिए ।

त्यसअघि मलेसियाको क्वालालाम्पुरस्थित बायुमास ओभलको मैदानमा टस जितेर पहिला ब्याटिङ गरेको नेपालले निर्धारित ५० ओभरमा ९ विकेट गुमाएर ३१३ रन बनाएको थियो । नेपालका लागि ओपनर तथा विकेटकिपर आसिफ शेखले शतकीय इनिङ खेले । उनले १०६ बलमा आठ चौका र चार छक्कासहित १०२ रनको इनिङ खेलेका हुन् ।

एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा आसिफको यो दोस्रो शतक हो । यस्तै, शनिबार गुलशनकुमार झाले अर्धशतकीय पारी खेले । उनले ३८ बलमा चार छक्का र तीन चौकाको मद्दतमा ५२ रनको पारी खेलेका हुन् । एकदिवसीय अन्तर्राष्ट्रियमा गुलशनको यो छैटौं अर्धशतक हो । यस्तै, अर्जुन कुमालले ४३, रोहितकुमार पौडेलले ४०, दीपेन्द्रसिंह ऐरीले १८, बसिर अहमदले अविजित १५ र ईशान पाण्डेले १३ रन जोडे ।

युएईका लागि बलिङमा इब्रार अहमदले चार, खुजैमा तनवीरले दुई तथा हैदर अली, अबीद उस्मानीले एक-एक एक विकेट लिएका थिए ।

## सन्दीप प्लेयर अफ द टुर्नामेन्ट



नेपाली टोलीका कप्तान सन्दीप लामिछाने एसिसी प्रिमियर कप २०२६ मा प्लेयर अफ द टुर्नामेन्ट घोषित भए । सन्दीपले नेपाललाई उपाधि जिताउन बलिङमा महत्वपूर्ण भूमिका निभाएका थिए । उनले प्रतियोगितामा ६ खेलमा १७ विकेट लिए । उनले पहिलो खेलमा बहराइनविरुद्ध ५ विकेट लिएका थिए । यस्तै उनले मलेसियाविरुद्ध १, साउदी अरेबियाविरुद्ध ३, हङकङविरुद्ध ४ विकेट लिए । सन्दीपले सेमिफाइनलमा ओमानविरुद्ध ३ तथा फाइनलमा युएईविरुद्ध १ विकेट लिए । सन्दीपले प्लेयर अफ द टुर्नामेन्ट अवार्ड बाढी प्रभावितका लागि समर्पित गरे ।

# अन्नपूर्ण बन्यो एनभिएलको पहिलो च्याम्पियन

**काठमाडौं/मस-** अन्नपूर्ण स्पाइकर किंग्सले कर्णाली शिवराजलाई पराजित गर्दै एक्स्ट्रिम इनर्जी ड्रिंक नेपाल भलिबल लिग (एनभिएल)को पहिलो संस्करणको उपाधि जितेको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालाको कभर्डहलमा शुक्रबार भएको फाइनलमा अन्नपूर्णले कर्णालीलाई ३-० को सोझो सेटमा पराजित गर्दै एनभिएलको पहिलो च्याम्पियन बन्न सफल भएको हो । अन्नपूर्णले २५-१५, २५-२० र २५-१८ को सेटमा जित निकाल्दै उपाधिसँगै २० लाख रुपैयाँ नगद पुरस्कार हात पारेको छ ।

फाइनलमा अन्नपूर्णका तीन मंगोलियाली खेलाडी उरानबायर मंखबायर, इंख एर्डेन जारगालसोट र तुर्मान्डाख गान्खुयागले उत्कृष्ट प्रदर्शन गरे । कप्तान हिमाल सुनारीको नेतृत्वमा खेलेको अन्नपूर्णले अधिकांश समय कर्णालीमाथि दबाब कायम राखेको थियो ।

अन्नपूर्णको उपाधि यात्रा भने उद्घाटन खेलमै कर्णालीसँगको हारबाट सुरु भएको थियो । लिग चरणको पहिलो खेलमा कर्णालीले अन्नपूर्णलाई ३-१ को सेटमा पराजित गरेको थियो । त्यसपछि टोलीले लगातार पाँच खेलमा जित निकाल्दै पहिलो संस्करणको उपाधि उचाल्यो ।

कर्णालीसँग पराजित भएपछि अन्नपूर्णले काठमाडौं रेड्सलाई सोझो सेटमा हराएको थियो ।



त्यसपछि मधेश वारियर्सलाई ३-१, खप्तड फाल्कन्स सुदूरपश्चिमलाई ३-० तथा निर्णायक लिग खेलमा सगरमाथा स्म्यासर्सलाई ३-१ ले पराजित गर्दै टोली सिधै फाइनलमा पुगेको थियो । अन्नपूर्णको उपाधि यात्रामा कप्तान हिमाल सुनारीसँगै सुरेन्द्र केसी, जितबहादुर शार्की, देव राना र जापानबाट आएका रवि केसीले पनि महत्वपूर्ण योगदान दिए । विश्वास अधिकारी, राजेन्द्र धामी र विवश आले मगरले समेत टोलीका लागि कोर्टमा योगदान गरेका थिए ।

अन्नपूर्ण लिग चरणमा शीर्ष स्थानमा रहँदै फाइनलमा पुगेको थियो । कर्णालीले भने प्लेअफमा काठमाडौं रेड्सलाई पराजित गर्दै फाइनलमा स्थान बनाएको थियो ।

केडिया ग्रुपद्वारा आयोजित एनभिएलको पहिलो संस्करणमा ६ टोलीको सहभागिता रहेको थियो । प्रतियोगिताको कुल पुरस्कार राशि ३२ लाख रुपैयाँ रहेको आयोजकले जनाएको छ । अन्नपूर्णले २० लाख रुपैयाँ प्राप्त गर्दा बाँकी पुरस्कार अन्य स्थानमा रहने टोलीलाई प्रदान गरिएको छ ।

**कुवेतमा रोजगार** कम्पनी: VIEW FOURTEEN LADIES BEAUTY SALON COMPANY शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०६/२१ चलानी नं.: ६०२४५५८२ LT. No.: 328995 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 8 | सम्बन्धित काममा दक्ष | 150 | ७४,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Manicure/pedicure | 0 | 7 | | 150 | ७४,६४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८३ असोज ४ गते (20 September 2026) मा हुनेछ ।

Guideline Recruitment Service Pvt. Ltd. Govt.Lic.No 1061/073/74
Samakhusi, Kathmandu, Tel.: 4389497, Contact : 9704026025, 971-2028603,
Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७७/११/०२ मा दर्ता भएको **प्रा. लि. नं. २५५७९५** को श्री **जे.एम.पि.ब्याग हाउस प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०५/२५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सर्टिफिकेट अफ सर्भिस हरायो**
मेरो निम्न व्यहोरा भएको भारत सरकार द्वारा जारी भएको सर्टिफिकेट अफ सर्भिस नामको प्रमाणपत्र मिति २०८३।५।८ गते तारकेश्वर न.पा., फुटुङ्गबाट सोहूखुट्टेसम्म जाँदा हराएको हुनाले पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध छ ।
**नामः राम कृष्ण आले**
ठेगानाः नारेश्वर-५, गोरखा
सर्टिफिकेट अफ सर्भिसको नं. 5449004 'H'
एक्स सर्भिसमायन सिरियल नं. 118/2006
फोनः ९८४०२११४१२

**मोटरसाईकल हराएको सूचना**
मिति २०८३/०५/१४ गते राती अं. २२:३० बजेको समय देखि ऐ. मिति २०८३/०५/१५ गते अं. १:३० बजेको समयमा का.जि.का.म.न.प वडा नं. ०८ पुशपति उमाकुण्ड स्थित पार्किङ गरि राखेको बा.प्र-०२-०६० प १४१३ नम्बरको कालो/रातो रङको 150 CC पल्सर मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहोला ।
**सवारी धनीः हुलास फिन सर्भ हायर पर्चेज लि.**
**ऋणी : जीवन रोका**
**च्यासिस नं.: MD2AIICX7SPC74609**
**इन्जीन नं.: DIIXPSCO5791**
**सम्पर्कः ९८६०९७७५८३**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
**दोस्रो पटक प्रकाशित मितिः २०८३/०५/२८**
यस कम्पनीको मिति २०८३/०५/१७ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार साविक कम्पनी **मिसन सञ्चार मल्टिमिडिया ग्रुप प्रा.लि. (दर्ता नं. २९१२७९)** को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०५/२२ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **युनिभर्सल कन्सल्टिङ्ग कन्सोर्टियम प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तुर्माखाँद गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
तुर्माखाँद, अछाम
सुदुरपश्चिम प्रदेश, नेपाल
**प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रम हुने बारे सूचना**
**(प्रथम पटक प्रकाशित मितिः २०८३/०५/२७)**
सुदूरपश्चिम प्रदेश, अछाम जिल्लाको तुर्माखाँद गाउँपालिका वडा नं. ३, ४, ५ र ६ भएर बग्ने कर्णाली नदीको विभिन्न बगर क्षेत्रबाट दिगो तथा वातावरणमैत्री ढंगले ढुंगा, गिट्टी तथा बालुवा उत्खनन्/संकलन कार्य सञ्चालन गर्न प्रस्ताव गरिएको छ । उक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी गर्ने क्रममा प्रस्ताव कार्यान्वयनबाट सम्बन्धित क्षेत्रको प्राकृतिक, भौतिक, जैविक, सामाजिक, सांस्कृतिक तथा आर्थिक प्रणालीमा पर्न सक्ने सकारात्मक तथा नकारात्मक प्रभावहरू पहिचान तथा मूल्याङ्कन गरिनेछ । यस क्रममा स्थानीय बासिन्दा, सम्बन्धित सरकारी तथा गैरसरकारी निकाय, विद्यालय, स्वास्थ्य चौकी, वन उपभोक्ता समूह, सरोकारवाला व्यक्ति तथा संस्थाहरूको राय, सुझाव, प्रतिक्रिया तथा गुनासो संकलन गर्ने उद्देश्यले सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्न लागिएको हुँदा सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।
**प्रस्ताव र प्रस्तावक सम्बन्धी जानकारी**

| | |
|---|---|
| **प्रस्तावको नाम र ठेगानाः** | प्रस्तावकः तुर्माखाँद गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय<br>ठेगानाः तुर्माखाँद, अछाम, सुदूरपश्चिम प्रदेश, नेपाल<br>ई-मेलः ito.turmakhadmun@gmail.com<br>वेबः www.turmakhadmun.gov.np |
| **प्रस्तावको व्यहोराः** | तुर्माखाँद गाउँपालिका वडा नं. ३, ४, ५ र ६ भएर बग्ने कर्णाली नदीको विभिन्न बगर क्षेत्रबाट दिगो तथा वातावरणमैत्री ढंगले ढुंगा, गिट्टी तथा बालुवा उत्खनन्/संकलन कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण। |

**परामर्शदाताः** हुनैनाथ कन्सल्टिङ प्रा.लि. मैतिदेवी, काठमाण्डौ, नेपाल
फोन नं.: ९८४५८७६२८७,९८६१९०७६८०
ई-मेलः hunainathconsulting8@gmail.com
सार्वजनिक सुनुवाई हुने मिति, समय र स्थान

| विवरण | जानकारी |
|---|---|
| स्थान | तुर्माखाँद गाउँ कार्यपालिकाको कार्यालय, तुर्माखाँद, अछाम(वडा नं ४ र ५) |
| मिति | २०८३/०६/०२ |
| स्थान | तुर्माखाँद गाउँपालिका वडा नं ६ को कार्यालय(वडा नं ३ र ६) |
| मिति | २०८३/०६/०३ |
| समय | बिहान १०:०० बजे |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७०।२।१३ मा दर्ता भएको **प्रा.लि. नं. १२१००३** को **देवी पाँच कन्या प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०२।२५ को निर्णय अनुसार कम्पनीको खारेजीबाट उत्पन्न हुन सक्ने कानूनी तथा अन्य दायित्वका सम्बन्धमा कम्पनीसँग सम्बन्धित पक्षहरु (सञ्चालक/लिक्विडेटर/लेखा) परिक्षक पुर्ण रुपमा जिम्मेवार रहने गरी कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## निक्षेपउपर हकदावीगर्ने सम्बन्धी १५ दिने सूचना

तपसिलमा उल्लिखित यस बैंकका खातावालहरुको मृत्यु भएको हुँदा निजहरुको नाममा यस बैंकको शाखा कार्यालयहरुको खातामा रहेको रकम पाउँभनी मृतकका देहायकाहकवालाहरुले आवश्यक कागजात सहित यस बैंकका सम्बन्धित शाखामा निवेदन दिनुभएको हुँदा उक्तखातावालको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्र प्राथमिकतामा अन्य कुनै हकदार भएको भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ । म्याद भित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिमभई जाने जानकारी गराइन्छ ।

| सि. नं | मृतकखातावालको नाम | ठेगाना | खाता नं. | शाखा | मृत्यु भएको मिति | हकदावीगर्ने/निवेदकको नाम, ठेगाना र (मृतकसंगको नाता) |
|---|---|---|---|---|---|---|
| १ | **बुल कुमारी महर्जन**<br>बाबु : जित बीर<br>बाजे : लक्ष्मण महर्जन | काठमाडौं जिल्ला किर्तीपुर न.पा वडा नं ८ | बचत खाता नं.<br>१२९१००१७५०६०७२ | किर्तीपुर | २०८२/०९/०५ | काठमाडौं जिल्ला, किर्तीपुर न.पा वडा नं ८, बस्ने गोविन्द कुमार महर्जन (छोरा) |
| २ | **सत्यनारायण तुल्स्यान**<br>बाबु : मालिराम तुल्स्यान<br>बाजे : बैजनाथ तुल्स्यान | पर्सा जिल्ला, विरगंज उ.म.न.पा वडा नं. ६ | बचत खाता नं.<br>०५१००१०१४८७०१ | विरगंज | २०७४/०८/१४ | पर्सा जिल्ला, विरगंज मा.न.पा वडा नं. ६ बस्ने संदीप कुमार तुल्स्यान (छोरा) |
| ३ | **संजय साह तुरहा**<br>बाबु : शंकर साह तुरहा<br>बाजे : रामदेयाल साह तुरहा | पर्सा जिल्ला, विरगंज मा.न.पा वडा नं. ६ | बचत खाता नं.<br>००५१००१७५१७७८७ | विरगंज | २०८२/०५/०६ | पर्सा जिल्ला, विरगंज मा.न.पा वडा नं. ६ बस्ने संदीप कुमार तुल्स्यान (छोरा) |
| ४ | **मोहन प्रसाद सत्याल**<br>बाबु : हरि प्रसाद उपाध्याय<br>बाजे : नरनाथ उपाध्याय | पर्सा जिल्ला, विरगंज मा.न.पा वडा नं. ११ | बचत खाता नं.<br>०५१००१७५०८०९९ | विरगंज | २०८३/०१/२५ | पर्सा जिल्ला, विरगंज मा.न.पा वडा नं. ११ बस्ने महेश्वरी सत्याल (श्रीमती) |
| ५ | **अनुपमा शर्मा**<br>बाबु : गोविन्द आचार्य<br>बाजे : दामोदर प्रसाद आचार्य | बागमती प्रदेश, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, नेपाल | बचत खाता नं.<br>०११००१०७२८१०१ | तीनधारा | २०७२/०७/२० | बागमती प्रदेश, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगर पालिका, वडा नं ३०, नेपाल बस्ने (श्रीमान) |
| ६ | **नसिर तामङ**<br>बाबु : सुर्य बहादुर तामाङ<br>बाजे : सोनाम तामाङ | नुवाकोट जिल्ला, दुप्चेश्वर गाउँपालिका वडा नं. ०५ | बचत खाता नं.<br>११०१००१७५००५५८ | हात्तिगौंडा | २०८२/१२/२३ | नुवाकोट जिल्ला, दुप्चेश्वर गाउँपालिका वडा नं. ०५ बस्ने सम्झना तामाङ (श्रीमती) |
| ७ | **भेषराज राई**<br>बाबु : ईतु राई<br>बाजे : दल बहादुर राई | नुवाकोट जिल्ला, लिखु गाउँपालिका वडा नं. ०४ | बचत खाता नं.<br>११०१००१७५०२४९९ | हात्तिगौंडा | २०८२/०९/०७ | नुवाकोट जिल्ला, चौघरा वडा नं. ०४ बस्ने बुद्धिलक्ष्मी राई (श्रीमती) |
| ८ | **रजि बस्ताकोटी**<br>बाबु : शंकर प्रसाद बस्ताकोटी<br>बाजे : भैरव बस्ताकोटी | काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगर पालिका वडा नं ९ | बचत खाता नं.<br>४९१००१७५००५२६ | भिमशेनगोला | २०८०/१०/०९ | काठमाण्डौं जिल्ला भद्रवास गां. वि. स. वडा नं. ५ बस्ने सर्मीला बराल (श्रीमती) |
| ९ | **महेन्द्र कुमारी मल्ल ठकुरी**<br>श्रीमान : काछा मल्ल ठकुरी<br>ससुरा : कुल बहादुर मल्ल ठकुरी | बागमती प्रदेश, ललितपुर जिल्ला, ललितपुर महानगरपालिका, नेपाल | बचत खाता नं.<br>२४३१००१७५००७६४ | खोकना | २०८३/०३/०२ | बागमती प्रदेश, ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं २१ नेपाल बस्ने श्याम मल्ल ठकुरी (छोरा) |
| १० | **सुनिता गौतम**<br>बाबु : रामजी प्रसाद गौतम<br>बाजे : खिल नाथ गौतम | पँचकन्या गा.वि.स वडा नं ६ चितवन जिल्ला (हाल बुढानीलकण्ठ नगरपालिका वडा नं. १०, कपन काठमाण्डौ जिल्ला) | बचत खाता नं.<br>५११००१७५०३६४५ | अत्तरखेल | २०८३/०४/१७ | काठमाण्डौं जिल्ला, बुढानीलकण्ठ नगरपालिका वडा नं. १०, कपन काठमाण्डौ बस्ने स्पृहा अधिकारी (छोरी) |
| ११ | **पूर्ण विश्वकर्मा स्थापित**<br>बाबु : पूर्ण बहादुर स्थापित<br>श्रीमती : लक्ष्मी स्थापित | बाग्मती प्रदेश, ललितपुर जिल्ला, ललितपुर महानगरपालिका, वडा नं. १९ | बचत खाता नं.<br>०११००१०८९२६०१ | थैब | २०८२/०९/०२ | बाग्मती प्रदेश, ललितपुर जिल्ला, ललितपुर महानगरपालिका, वडा नं. १९ बस्ने किरण कुमार स्थापित (छोरा) |
| १२ | **राधा कृष्ण ब्वैजु**<br>बाबु : ज्ञान लाल ब्वैजु<br>पत्नि : पुन माया बोयजु | बाग्मति प्रदेश, भक्तपुर जिल्ला, सूर्यविनायक नगरपालिका, वडा नं. ५ | बचत खाता नं.<br>१८५१००१७५०४३१२ | सल्लाघारी | २०८२/०६/१० | हाल सूर्यविनायक नगरपालिका वडा नं ०५, बस्ने पुनमाया बोयजु<br>(श्रीमती) |
| १३ | **लेखिका पौडेल**<br>बाबु : कुल प्रसाद पौडेल<br>बाजे : हरी प्रसाद पौडेल | मोरङ जिल्ला बेलबारी नगरपालिका वडा नं.४, बेलबारी | बचत खाता नं.<br>२२५१००१७५००९९४ | राजारानी | २०८३/०२/१९ | मोरङ जिल्ला बेलबारी नगरपालिका वडा नं.४, बेलबारी बस्ने कुल प्रसाद पौडेल (बाबु) |
| १४ | **रामजी भण्डारी**<br>बाबु : खड्ग बहादुर भण्डारी<br>बाजे : पलमान भण्डारी | ललितपुर जिल्ला<br>कार्यविनायक म.न.पा. वडा नं. २२ | बचत खाता नं.<br>१७२१००१७५०१५२३ | भैंसेपाटी | २०८२/०४/१३ | ललितपुर जिल्ला, कार्यविनायक म.न.पा. वडा नं. २२ बस्ने मोती कुमारी भण्डारी (श्रीमती) |
| १५ | **तारा देबी खतिवडा**<br>बाबु : पशुपति दाहाल<br>आमा : धन माया दाहाल | सुनसरी जिल्ला ईटहरी उप-महानगर पालिका वडा नं.०२ | बचत खाता नः<br>११९१००१७५०२८६७ | तरहरा | २०८३/०३/२८ | सुनसरी जिल्ला ईटहरी उप-महानगरपालिका वडा नं.०२ बस्ने भुईनन्द खतिवडा (पति) |
| १६ | **प्रदिप कुमार कार्की**<br>बाबु : इन्द्र ध्वज कार्की<br>पत्नी : शान्ता कुमारी कार्की | धनुषा जिल्ला यज्ञभुमि गांउपालिका वडा नं. ४ हाल धनुषाधाम नगरपालिका वडा नं.८, धनुषा | बचत खाता नं.<br>५२१००१७५०१६८७ | जनकपुर पिडारी चोक | २०८०/११/०९ | धनुषा जिल्ला यज्ञभुमि गांउपालिका वडा नं. ४ हाल, धनुषाधाम नगरपालिका वडा नं.८, धनुषा बस्ने शान्ता कुमारी कार्की (पत्नी ) |
| १७ | **दिल कुमारी वुढा**<br>बाबुः कंमराज वुढा<br>आमा भद्र कुमारी वुढा | लुम्बिनी प्रदेश, दाङ जिल्ला घोराही उप महानगर वडा नं. १५ | बचत खाता नं.<br>२६१००१७५०७४३५ | घोराही | २०८३/२/१९ | लुम्बिनी प्रदेश, दाङ जिल्ला घोराही उप महानगर वडा नं. १५ बस्ने श्रीमान बहादुर बुढा मगर (श्रीमान) |

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१



**कोरला नाकाबाट भित्रिएका "इभी"**

नेपाल-चीन उत्तरी कोरला नाकाबाट भन्सार जाँच भई लोघेकर दामोदरकुण्ड-१ चराङमा चार्जिङका लागि रोकिएका विद्युतीय सवारीसधान (इभी) ।

**तस्बिर : सुन्दरकुमार थकाली/रासस**

# रसुवा–त्रिशूली करिडोरलाई 'विशेष क्षेत्र' घोषणा गर्न सुझाव

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ भदौ

जलवायु परिवर्तनका कारण हिमाली तथा पहाडी क्षेत्रमा निरन्तर बढ्दै गएको प्राकृतिक विपद्को जोखिम र त्यसले राष्ट्रिय अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको ऊर्जा क्षेत्रमा पारेको गम्भीर प्रभावका विषयमा सरोकारवालाहरूले गम्भीर चिन्ता व्यक्त गरेका छन् ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले आयोजना गरेको भदौ महिनाको 'परिवर्तनशील जलवायुमा जलवायु प्रतिरोधी पूर्वाधार निर्माण र भोटेकोशी महाप्रलयबाट सिकिएका पाठहरू' विषयक भदौ महिनाको 'फ्राइडे फोरम' कार्यक्रममा सहभागीहरूले यस्तो बताएका हुन् ।



पूर्व ऊर्जामन्त्री एवम् नेपाल विद्युत प्राधिकरणका पूर्व कार्यकारी निर्देशक कुलमान घिसिङले भोटेकोशी र त्रिशूली नदी करिडोरमा आएको महाप्रलयका कारण संकटमा परेको जनजीवन र ऊर्जा क्षेत्रको पुनरुत्थानका लागि सो क्षेत्रलाई तत्काल 'विशेष क्षेत्र' घोषणा गर्न सरकारसँग माग गरे । उनले भोटेकोशी र त्रिशूली जलविद्युत क्यास्कडलाई पुनर्जीवन दिन सरकार तथा सरोकारवाला निकायहरू 'विशेष क्षेत्र' घोषणा गरी तत्काल ठोस नीतिका साथ अघि बढ्नुपर्नेमा जोड दिए ।

घिसिङका अनुसार गत भदौ १० गते भोटेकोशी तथा त्रिशूली नदी करिडोर क्षेत्रमा आएको अकल्पनीय गेग्रानसहितको महाप्रलय र हिमपहिरोले समग्र रसुवा जिल्लाको आर्थिक, सामाजिक र भौतिक संरचनालाई २० देखि ३० वर्ष पछाडि धकेलिदिएको छ ।

सरकारले तत्काल रसुवा-त्रिशूली करिडोरलाई 'विशेष क्षेत्र' घोषणा गरी राहत, क्षतिपूर्ति तथा भत्किएका पूर्वाधारहरूको पुनःनिर्माणको प्रक्रियालाई द्रुत गतिमा अघि बढाउनुपर्ने सुझाव घिसिङले दिएका छन् । 'अहिले रसुवाका गाउँगाउँमा पुग्दा कारुणिक दृश्य देखिन्छ । युवा, सवारी चालक र प्राविधिक जनशक्ति बाढीमा सोहोरिएर जाँदा गाउँमा बालबालिका र वृद्धवृद्धा मात्र बाँकी रहेका छन्,' विपद्पछिको वस्तुस्थितिको चित्रण गर्दै उनले भने। यस्तो विषम र संकटपूर्ण परिस्थितिबाट ऊर्जा क्षेत्र र स्थानीय जनजीवनलाई उकास्न सरकारले ढिलाइ नगरी विशेष कदम चाल्नुपर्नेमा उनको जोड छ।

यस्तै इप्पानका अध्यक्ष मोहन कुमार डाँगीले भदौ १० गते आएको गेग्रानसहितको लेदो बाढी र हिमपहिरोकाकारण रसुवा, नुवाकोट लगायतका क्षेत्रमा सञ्चालित तथा निर्माणाधीन जलविद्युत् आयोजना, सडक पूर्वाधार, बस्ती र ठूलो संख्यामा मानवीय क्षति पुगेको बताए । विपद्पछि समाजमा 'अब जलविद्युत् आयोजना बनाउने कि नबनाउने ?' भन्ने दुविधापूर्ण प्रश्न उठ्न थालेको बताउँदै अध्यक्ष डाँगीले यस्ता भ्रमहरूलाई वैज्ञानिक र प्राविधिक अध्ययनका आधारमा चिर्नुपर्ने आवश्यकता औंल्याए ।

सरकारले लिएको आगामी १० वर्षमा ३० हजार मेगावाट विद्युत् उत्पादन गर्ने राष्ट्रिय लक्ष्य हासिल गर्न निजी क्षेत्र अझै दृढ रहेको बताउँदै उनले सरकारले प्रवर्द्धकका समस्या समाधानमा अभिभावकीय भूमिका खेल्नुपर्नेमा जोड दिए ।

कार्यक्रमका सहभागी वक्ताहरूले भोटेकोशी र त्रिशूली बेसिनमा आएको बाढीपछि उत्पन्न संकटपूर्ण घडीमा सरकार, नेपाल विद्युत प्राधिकरण, निजी क्षेत्र र बिमा कम्पनीहरू एकै ठाउँमा उभिएर क्षति पुगेका जलविद्युत आयोजनाहरूको पुनःर्निर्माण र पुनर्स्थापनामा जुट्नुपर्नेमा विशेष जोड दिएका थिए ।

# बाढीले रोकिएको करदाता उपहार असोज १ गते घोषणा हुने

**काठमाडौं/मस–** रसुवाको भोटेकोशीमा आएको बाढीका कारण स्थगन गरिएको भदौ महिनाको करदाता प्रोत्साहन उपहार घोषणा आगामी असोज १ गते हुने भएको छ ।

करदातालाई बिल लिन र कर तिर्ने प्रणालीमा अभ्यस्त गराउन नयाँ आर्थिक वर्षको बजेटमार्फत उक्त उपहार कार्यक्रम घोषणा गरिएको थियो । साउन १ गतेबाट सुचारु रहेको उक्त प्रोत्साहन कार्यक्रमअन्तर्गत भदौ १६ गते हुने भनिएको पुरस्कार घोषणा भोटेकोशी बाढीका कारण देशमा विपत्ति आएपछि स्थगन गरिएको थियो । अर्थ मन्त्रालयअन्तर्गतको आन्तरिक राजस्व विभागले असोज १ गते भदौ महिनाभरिको पुरस्कार घोषणा गर्ने तयारी गरिरहेको जनाएको छ ।



असोज १ गते भदौ महिनाको पुरस्कार घोषणा गर्ने गरी तयारी गरिएको विभागका महानिर्देशक डा. भीष्मकुमार भुसालले जानकारी दिए । पहिलो चरणमा भदौ १ देखि १५ गतेसम्म बिल-बिजक लिएर विभागको पोर्टलमा दर्ता गराएका तथा अनलाइनमार्फत वस्तु खरिद गरेका उपभोक्तामध्येबाट हरेक दिनको एक जनाका दरले १५ जनालाई एक लाख ३३ हजार ३३४ रुपैयाँका दरले विजेता छनोट गरिनेछ । यस्तै, भदौ १ देखि १५ सम्म कारोबारमा संलग्न उपभोक्तामध्येबाट एक जनालाई १० लाख रुपैयाँ राशिको करदाता बम्पर प्रोत्साहन पुरस्कारका लागि छनोट गर्न विभागले जनाएको छ। त्यसपछि दोस्रो चरणमा, भदौ १६ देखि ३१ गतेसम्मका १६ दिनका लागि १६ जनालाई एक लाख ३३ हजार ३३४ रुपैयाँ पुरस्कारका लागि छनोट गरिने विभागले जनाएको छ। यस्तै, भदौ महिनाको दोस्रो १६ दिनका उपभोक्तामध्येबाट एक जना १० लाख रुपैयाँ राशिको बम्पर विजेता छनोट हुनेछन् ।

असोज १ गते भदौ महिनाका एक लाख ३३ हजार ३३४ रुपैयाँका ३१ जना विजेता र १०-१० लाख रुपैयाँका दुई जना बम्पर विजेता गरी जम्मा ३३ जनालाई करदाता प्रोत्साहन पुरस्कार प्रदान गरिनेछ ।पुरस्कारका लागि योग्य हुन उपभोक्ताले अनिवार्य रूपमा एक सय रुपैयाँभन्दा बढीको वस्तु खरिद गर्दा सक्कली भ्याट वा प्यान बिल लिनुपर्छ । कारोबार गर्दा सकेसम्म अनलाइन भुक्तानी गर्नुपर्छ । विभागका अनुसार अनलाइनमार्फत गरिएको कारोबार स्वतः सरकारको करदाता प्रोत्साहन प्रणालीमा समावेश हुन्छ । नगदमा कारोबार गरेर सक्कली बिल लिएका उपभोक्ताले भने आन्तरिक राजस्व विभागको करदाता प्रोत्साहन पुरस्कार पोर्टलमा गई आफूले प्राप्त गरेको बिल अपलोड गरेर पुरस्कारका लागि योग्य बन्न कुपन लिनुपर्छ ।

# भोटेकोशी बाढीले रसुवा र नुवाकोटका १७ वटा बैंकका शाखामा क्षति

**काठमाडौं/मस–** रसुवाको भोटेकोशीमा आएको बाढीका कारण १२ वटा बैंकका १७ वटा शाखा प्रभावित भएका छन् । राष्ट्रिय योजना आयोग र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तयार पारेको द्रुत क्षति र आवश्यकता मूल्यांकन प्रतिवेदनअनुसार ७ अर्ब २४ करोड रुपैयाँ बराबरको क्षति भएको छ।

जसमध्ये सबैभन्दा बढी कृषि विकास बैंकमा भएको छ। बैंकको एउटा शाखाबाट ६५ करोड बराबरको क्षति भएको छ। प्राधिकरणका अनुसार सिटिजन बैंकको एउटा शाखा प्रभावित हुँदा एक करोड ५६ लाख रुपैयाँको क्षति भएको छ। ग्लोबल आइएमई बैंकको एउटा शाखा प्रभावित हुँदा ११ लाख रुपैयाँको क्षति भएको छ। हिमालय बैंकको एउटा शाखा प्रभावित हुँदा ७५ लाख रुपैयाँको क्षति भएको छ । लक्ष्मी सनराइज बैंकको एउटा शाखा प्रभावित हुँदा एक करोड १२ लाख रुपैयाँको क्षति भएको छ ।



माछापुच्छ्रे बैंकको एउटा शाखा प्रभावित हुँदा ७५ लाख रुपैयाँ तथा नबिल बैंकको एउटा शाखा प्रभावित हुँदा ६३ लाख रुपैयाँको क्षति भएको छ । एनआइसी एसिया बैंकका तीन वटा शाखा प्रभावित हुँदा ८८ लाख र नेपाल इन्भेष्टमेन्ट बैंकका तीन वटा शाखा प्रभावित हुँदा ४० लाख रुपैयाँको क्षति भएको छ । त्यसैगरी एनएमबी बैंकको एउटा शाखा प्रभावित हुँदा चार लाख रुपैयाँको क्षति भएको छ। प्रभु बैंकका दुई वटा शाखा प्रभावित हुँदा ५३ लाख रुपैयाँको क्षति भएको छ भने सानिमा बैंकको एउटा शाखा प्रभावित हुँदा ६३ लाख रुपैयाँको क्षति भएको छ। प्रतिवेदनअनुसार बाढी प्रभावित क्षेत्रमा बैंक तथा वित्तीय सेवामा क्षति पुगेको छ । नुवाकोटको विदुर नगरपालिकामा बैंकका चार वटा शाखामा ६७ करोड १३ लाख रुपैयाँको क्षति भएको छ ।

रसुवाको गोसाइकुण्ड गाउँपालिकामा ११ वटा शाखामा चार करोड २३ लाख रुपैयाँ, रसुवाकै कालिका गाउँपालिकामा एउटा शाखामा २८ लाख रुपैयाँ, सोही जिल्लाको उत्तरगयामा एउटा बैंकको एउटा शाखा प्रभावित हुँदा ७५ लाख रुपैयाँको क्षति भएको छ । उक्त रकमबाहेक पनि छुट्टै १९ करोड ५९ लाख रुपैयाँको क्षति भएको देखिएको छ । प्रतिवेदनअनुसार नुवाकोटको विदुरमा छ करोड ४० लाख, रसुवाको गोसाइँकुण्डमा नौ करोड ५३ लाख रुपैयाँ, कालिका गाउँपालिकामा ७९ लाख र उत्तरगया गाउँपालिकामा तीन करोड २३ लाख रुपैयाँको क्षति भएको छ ।

# सिक्टा सिँचाइमा २४ अर्ब रुपैयाँ खर्च सम्पन्न हुन अझै पाँच वर्ष लाग्ने

**बाँके/रासस–** बाँकेमा निर्माणाधीन राष्ट्रिय गौरवको सिक्टा सिँचाइ आयोजना आगामी पाँच वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी काम भइरहेको छ । सरकारले पाँच वर्षभित्र आयोजनाको काम सम्पन्न गर्न निर्देशन दिएअनुरुप पछिल्लो समय सिक्टा सिँचाइको काम द्रुत गतिमा भइरहेको आयोजनाका निर्देशक राजु आचार्यले बताएका छन् ।

बजेट र जनशक्तिको अभाव नभए अबको पाँच वर्षभित्र पूर्वाधार निर्माणको सबै सकिने उनले जानकारी दिए । उनका अनुसार हालसम्म आयोजनाको ५१ प्रतिशत निर्माणको भौतिक प्रगति भएको छ भने यो अवधिमा पूर्वाधार निर्माणतर्फ करिब २४ अर्ब रुपैयाँ खर्च भइसकेको छ । मर्मत सम्भारको काम नियमित रुपमा चल्ने भए पनि आयोजना निर्माणको बाँकी काम पाँच वर्षमा सक्ने गरी अहिले काम भइरहेको छ । आर्थिक वर्ष २०६२/६३ मा सुरु भएको यो आयोजनाअन्तर्गत बाँकेको राप्ती सोनारी गाउँपालिका अगैयास्थित राप्ती नदीमा तीन सय १७ मिटर क्षेत्रफलमा ब्यारेज निर्माण गरी ४२ हजार सात सय ६६ हेक्टर भूमिमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य राखिएको छ ।



नेपाल सरकारको आफ्नै स्रोतबाट निर्माण सुरु गरिएको यो आयोजनाको पश्चिम मूल नहरबाट ३३ हजार सात सय ६६ हेक्टर र पूर्वी मूल नहरबाट करिब नौ हजार हेक्टर जग्गामा सिँचाइ सुविधा पुर्याउने लक्ष्य छ । हाल २५ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको आयोजना निर्देशक आचार्यले जानकारी दिए । विसं २०६४ मा स्वीकृत पहिलो गुरुयोजनाअनुसार १२ अर्ब ८० करोड रुपैयाँ लागतमा आव २०७०/७१ सम्पन्न आयोजनाको काम सम्पन्न गर्ने लक्ष्य राखिएको थियो। आयोजना निर्माणका क्रममा सरकारले थप नौ हजार हेक्टर क्षेत्रमा नहर बनाउने गरी पूर्वी मूल नहर निर्माणलगायत अन्य संरचना थप गरिएको थियो। आव २०७१/७२ मा संशोधित स्वीकृत गुरुयोजनाले २५ अर्ब दुई करोड रुपैयाँमा २०७६/७७ सम्म आयोजना सम्पन्न गर्ने लक्ष्य राखेको थियो ।

संशोधित गुरुयोजनाको लक्ष्यअनुसार आव २०७६/७७ मा पनि आयोजनाले पूर्णता नपाएपछि पछिल्लो पटक २०७९ मा स्वीकृत गुरुयोजना अनुसार आयोजनाको सम्पूर्ण काम ५२ अर्ब ८९ करोड रुपैयाँ लागतमा आर्थिक वर्ष २०८९/९० सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको सिक्टा सिँचाइ आयोजनाका सूचना अधिकारी मनोजकुमार साहले बताए । उनका अनुसार आयोजनाको शाखा र प्रशाखा निर्माणको काम धमाधम भइरहेको छ । निर्माणका लागि थप ३० वटा बोलपत्र आह्वान भएको छ । आयोजनाअन्तर्गत ४५ किलोमिटर पश्चिम मूल नहर निर्माण भइसकेको छ ।

यो नहरका सिधनिया, अकलघरुवा र गुरुवागाउँ शाखा नहर पनि सम्पन्न हुने चरणमा छन्। डुडुवा शाखा नहर निर्माण भइरहेको छ। करिब १६ हजार हेक्टर जग्गामा सिँचाइ सुविधा पुर्याउने लक्ष्य राखिएको डुडुवा शाखा नहर निर्माण लामो समयसम्म अलपत्र परेको थियो । ठेकेदार कम्पनी 'कोस्टल पप्पु जेभी'को विवाद र अदालतमा विचाराधीन मुद्दाका कारण अलपत्र परेको नहर निर्माण गत वर्ष विवाद सल्टाएर नयाँ ठेकेदारमार्फत अगाडि बढाइएको हो। पश्चिम मूल नहरअन्तर्गत अरू थुप्रै उपशाखा र प्रशाखा नहर बनाउन बोलपत्र आह्वान भएको सूचना अधिकारी साहले बताए । गत आर्थिक वर्ष २०८२/८३ मा मात्रै डुडुवा सिँचाइ प्रणालीअन्तर्गत करिब नौ दशमलव पाँच किलोमिटर, पश्चिम नहरतर्फका शाखा, उपशाखा तथा प्रशाखा गरी नौ किलोमिटर, पूर्वी नहरतर्फका शाखा, उपशाखा तथा प्रशाखा गरी नौ दशमलव पाँच किलोमिटर नहर निर्माण, सिञ्चित क्षेत्र बचाउ तथा संरक्षण कार्यअन्तर्गत सात दशमलव पाँच किलोमिटर तटबन्ध निर्माण र पाँच दशमलव पाँच हेक्टर जमिन अधिग्रहण गरिएको छ ।

गत आर्थिक वर्षमा सिक्टा सिँचाइ आयोजनालाई विनियोजन भएको एक अर्ब ५७ करोड रुपैयाँमध्ये एक अर्ब ४१ करोड रुपैयाँ करिव ८९ प्रतिशत वित्तीय प्रगति हुँदा भौतिक प्रगति ९६ प्रतिशत बढी भएको सूचना अधिकारी साहले जानकारी दिए । आयोजनाको ५३ किलोमिटर पूर्वी मूल नहर निर्माण अधुरै छ। पूर्वी मूल नहरअन्तर्गत बाँधदेखि वैशागाउँ हुँदै करिब ३५ किलोमिटरसम्म नहर बनेको छ । तर नरैनापुर गाउँपालिका क्षेत्रमा निर्माण रोकिएको छ। आयोजनाका दुवै मूल नहरअन्तर्गत शाखा, उपशाखा र प्रशाखा नहर निर्माण पूरा नहुँदा किसानले आवश्यक परेका बेला बालिमा सिँचाइ गर्न नपाएको सिक्टा आयोजना जल उपभोक्ता समितिका अध्यक्ष शालिकराम डाँगीले बताए ।

# आम्दानीको स्रोत बन्यो रातो च्याउ

**म्याग्दी/मस–** म्याग्दीको धवलागिरी गाउँपालिका-३ मुनाका नगेन मगर हिजोआज जंगलमा रातो च्याउ खोज्न व्यस्त हुन्छन । नगेनसहित चार जना मुनाका युवाको समूह रातो च्याउ संकलन गर्नका लागि करिब दश दिनका लागि बस्दोबस्तीका सामानसहित जंगलमै गोठ बनाएर बसेका छन् । 'तीन जनाले च्याउ खोज्नुहुन्छ, मैले जंगलबाट डोकोमा बोकेर गाउँमा ल्याउने गरेको छु,' उनले भने, 'करिब दैनिक ५० किलोग्राम च्याउ संकलन र बिक्री भइरहेको छ ।'



नगेनले शुक्रबार करिब ४० हजार रुपैयाँको रातोच्याउ बिक्री गरेको बताए । लेकाली क्षेत्रका बासिन्दा च्याउ पलाउने याम सुरु भएपछि जंगल पसेका छन्। प्राकृतिक रूपमा पाइने रातो च्याउ लेकाली क्षेत्रका बासिन्दाको लागि आम्दानीको सोत बनेको छ। च्याउको सुरक्षाका लागि पलाउने ठुटाको नजिकै बसेर ओगट्ने चलन छ । मध्यजेठदेखि मध्यअसारसम्म र मध्यभदौदेखि असोजसम्म मात्र च्याउ टिप्ने उपयुक्त मौसम हो । समुन्द्रि सतहदेखि तीन हजारदेखि चार हजार मिटर उचाइका जंगलमा खस्रु, हिमाली सल्ला, फलाट, दबदबे जातका सुकेका रूखमा प्राकृतिक रूपमा बर्खायाममा उम्रने रातोच्याउ तरकारीको रूपमा उपभोग हुन्छ ।

पोषिलो, अर्गानिक र औषधिय गुण पाइने तथा स्वादिलो हुने भएकाले रातो च्याउको माग उच्च हुने गरेको धवलागिरी गाउँपालिका-३ मुनाका मनबहादुर पुनले बताए । 'मासुको विकल्पमा पनि रातो च्याउको उपभोग हुने गर्छ,' उनले भने 'रातो च्याउ पोषिलो र तागतिलो तरकारीको रूपमा परिचित छ ।'

ताजाका साथै प्रशोधन र सुकाएर पनि रातो च्याउ उपभोग गर्न सकिन्छ । बजारमा बस्ने र विदेशमा पुगेकाले रातो च्याउको चाहना गर्ने गरेका मुनाका ब्यवसायी रुपा शेरपुञ्जाले बताए । गाउँबाट सहर र विदेशमा कोशेलीको रूपमा रातो च्याउ पठाउने चलन रहेको छ ।सडक यातायातको सुविधासँगै लेकाली क्षेत्रका बासिन्दाले जंगलमा रातो च्याउ टिपेर एकै दिनमा बेनी र पोखराका बजारमा पुऱ्याउन थालेका धवलागिरी गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले बताए।

# माछापुच्छ्रे बैंकको ६ प्रतिशत लाभांश प्रस्ताव



**काठमाडौं/मस–** माछापुच्छ्रे बैंक लिमिटेडले आफ्ना शेयरधनीलाई ६ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ । बैंकको सञ्चालक समितिको बैठकले चुक्ता पुँजीको ६ प्रतिशत लाभांश वितरण गर्ने निर्णय गरेको हो । प्रस्तावित लाभांशमा ३ प्रतिशत बोनस शेयर र ३ प्रतिशत नगद लाभांश (करसहित) रहेको बैंकले जनाएको छ। सञ्चालक समितिबाट प्रस्ताव गरिएको उक्त लाभांश नेपाल राष्ट्र बैंकबाट स्वीकृत भएपछि र बैंकको आगामी वार्षिक साधारण सभाबाट पारित भएपश्चात शेयरधनीलाई वितरण गरिनेछ।हरेक क्षेत्र र वर्गका ग्राहकलाई सरल तथा सहज बैंकिङ सेवा उपलब्ध गराउने उद्देश्यसहित बैंकले देशका सातै प्रदेशमा आफ्नो सेवा विस्तार गरेको छ ।

# नागरिक लगानी कोष र महाशक्ति सिमेन्टबीच सेयर प्रत्याभूति सम्झौता



**काठमाडौं/मस–** नागरिक लगानी कोषले महाशक्ती सिमेन्ट लिमिटेडको सेयर प्रत्याभूति गर्ने भएको छ। सो सम्बन्धी सम्झौतामा कोषका कार्यकारी निर्देशक पर्वत कुमार कार्की र सिमेन्ट कम्पनीका अध्यक्ष राजाराम खड्काबीच हस्ताक्षर गरे। उक्त कम्पनीले १ सय अंकित मूल्यको १ करोड ७८ लाख ५० हजार ८५७ कित्ता बराबरको १ अर्ब ७८ करोड ५० लाख ८५ हजार ७ सय रुपैयाँको सेयर निस्कासन गर्दै छ । कम्पनीले सम्झौता भएको मितिले ६ महिना भित्र सेयर निष्कासन गरिसक्नु पर्नेछ । सो अवधि भित्र सेयर निष्कासन नभएमा पुनः नयाँ सम्झौता गर्नुपर्ने व्यवस्था रहेको छ ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**